मदन पुरस्कार गुठी

सम्वत् २०८० को

# जगदम्बा-श्री

तथा

# मदन पुरस्कार

## समर्पण समारोह

२०८१|०६|१७|५

सम्वत् २०८० को

# जगदम्बा-श्री

तथा

# मदन पुरस्कार

## समर्पण समारोह

२०८१।०६।१७।५

# कार्यक्रम

सभारम्भ

मदन पुरस्कार गुठी अध्यक्ष कुन्द दीक्षितबाट स्वागत

गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

प्रा.डा. श्री कटक मल्लज्यूबाट विद्वद् प्रवचन

जगदम्बा-श्रीद्वारा सम्मानित प्रा.डा. श्री योगेन्द्र प्रसाद यादवज्यूको उद्‌गार

मदन पुरस्कारद्वारा सम्मानित *मुकाम रणमैदान*का स्रष्टा मोहन मैनालीज्यूको उद्‌गार

गुठीका उपाध्यक्ष कल्पना पराजुलीबाट धन्यवाद ज्ञापन

सभा विसर्जन

**ॐ असतोमा सद्गमय। तमसोमा ज्योतिर्गमय। मृत्योर्मा अमृतं गमय॥**
**ॐ शान्तिः। शान्तिः। शान्तिः।**

प्रा.डा. कटक मल्लज्यू, जगदम्बा-श्रीबाट सम्मानित प्रा.डा. योगेन्द्र प्रसाद यादवज्यू, मदन पुरस्कारबाट सम्मानित मोहन मैनालीज्यू तथा उपस्थित विद्वान्-विदुषी र मित्रहरू।

भाषा, साहित्य, संस्कृतिप्रति समर्पित सबै अग्रजप्रति श्रद्धा। मदन पुरस्कार गुठी र पुस्तकालयका संस्थापक तथा भाषा-साहित्य, लेखन-प्रकाशन र ऐतिहासिक सामग्रीहरूको संरक्षणमा समर्पित दादा कमल दीक्षितको स्मरण गर्दछु। यसको आधार तयार गरिदिने मदन शमशेर तथा रानी जगदम्बालाई पनि सम्झन्छु।

मदन पुरस्कार गुठीसँगै हिँड्ने, हिँड्नलाई प्रेरणा दिने अग्रज, हौसला बढाउन यहाँ उपस्थित हुनुहुने र बाहिर बसेर माया गर्ने, सल्लाह-सुझाव दिने सबैलाई हार्दिक धन्यवाद। हार्दिक स्वागत।

वातावरण, कानून र हाम्रा प्रयासको व्याख्या गर्दै 'जीवमण्डल'को चिन्ता गर्नुहुने डा. कटक मल्लज्यूलाई धन्यवाद। पृथ्वीले भोगिरहेको वर्तमान तथा भयावह भविष्यतर्फको उहाँको चिन्ताले हामीलाई सचेत हुन सिकाएको छ। शक्तिशाली मुलुक, संयन्त्रका अगाडि थुप्रै अप्ठेरा रहे पनि जीवमण्डलको चिन्ता र चासो राख्न हामीलाई प्रेरणा मिलेको छ। हामीलाई आफ्नै वरिपरिका विविधता हेर्ने, बुझ्ने र संरक्षण गर्नुपर्ने दायित्वतर्फ सचेत गराउनु भएकोमा धन्यवाद। यहाँप्रति कृतज्ञ छौँ। म यहाँलाई हार्दिक स्वागत गर्दछु।

प्रा.डा. योगेन्द्र प्रसाद यादवज्यू, भाषाविज्ञान क्षेत्रमा यहाँको प्राज्ञिक नेतृत्व र अध्ययन-अनुसन्धानले नेपालभित्र बोलिने थुप्रै भाषाको संरक्षण र प्रयोग गर्न सम्भव भएको छ। नेपाली र अन्य भाषाको अन्तरक्रिया, शब्दहरूको लेनदेन सम्भव भएको छ। विभिन्न भाषा-भाषिकाका शब्दावली अब सबैको साझा बनेका छन्। भाषिक शब्द, अर्थ र प्रयोग परम्पराको संरक्षण र अध्ययन-अनुसन्धानलाई अगाडि बढाउन यहाँ जस्तै व्यक्तित्वहरूको खाँचो छ। भाषा, प्रयोग, सहजता, विविधता र मानकका आ-आफ्नै विचार र मान्यता हुन सक्छन् तर समग्र नेपाली वाङ्मय, संस्कृति तथा चिन्तन परम्पराको विकास, विस्तार तथा संरक्षण हाम्रा साझा चासो र सरोकारका विषय हुन्।

पत्रकारका नाताले म 'सरल' लेखनीमा विश्वास गर्छु तर सरल लेख्न त्यति सरल छैन। रूख, हावा, माटो वा पानीलाई बुझ्ने, बुझाउने सयौँ शब्द हराएर एउटै सरल शब्दको प्रयोग गर्ने, बुझ्ने र बुझाउने प्रयासतर्फ सचेत हुनै पर्छ। प्रा.डा. यादवको अनुभवमा बराम समुदायको नयाँ पुस्ताले आफ्नै वरिपरिका रूख, बिरुवाका नाम बिर्सिए जस्तै हामीले हावा कसरी चल्छ? भन्ने कुरा बिर्सन थालेका छौँ। पहिले २०औँ तरिकाले पानी पर्ने हाम्रो साहित्य र लेखनीमा अब 'पानी पर्‍यो' भनेपछि बुझिने भएको छ तर यस्तो सरलताले सिमसिमे पानी, दर्केको पानी वा मुसलधारे पानी छुट्टिन्न। मेसिन अनुवादका लागि यस्तो भाषा ठीकै र सहज होला तर भाषा र अर्थका विविधतालाई पनि हामीले ध्यान दिनै पर्छ, जोगाउनै पर्छ। प्रत्येक भाषा समुदायमा रहेको पानी पर्ने वा हावा लाग्ने विविधतालाई जोगाउने, चिनाउने कार्यका निम्ति यहाँको प्रेरणा, माया र आशीर्वाद आवश्यक छ। यहाँको प्राज्ञिक निरन्तरता हामी सबैका लागि प्रेरणा बनोस्। यहाँलाई पनि स्वागत गर्दछु।

मोहन मैनालीज्यू, यहाँको पुस्तक मुकाम रणमैदान : नेपाल अंग्रेज युद्धको बखानलाई मदन पुरस्कारबाट सम्मानित गर्न पाउँदा हामीले २०० वर्ष पुरानो एक महत्त्वपूर्ण कालखण्डलाई हेर्ने र बुझ्ने अर्को बाटो भेटाएका छौँ। ऐतिहासिक तथ्य, जानकारी र चिठ्ठीपत्रलाई यहाँले यति सरल भाषामा प्रस्तुत गर्नुभएको छ कि त्यो पढ्दा कुनै 'ऐतिहासिक आख्यान' पढे जस्तो लाग्छ। यस कामले हाम्रा पुर्खा र हामीले टेकेको धर्ती तथा तत्कालीन समयको भौगोलिक, प्रशासनिक, राजनीतिक अवस्था बुझ्न सघाएको छ। यहाँको खोजमूलक लेखनीले निरन्तरता पाइरहोस्। यहाँलाई बधाई। स्वागत।

अन्त्यमा,

आदरणीय विद्वद्जन्, नेपाली वाङ्मय, भाषा र संस्कृतिलाई यहाँसम्म ल्याउनुहुने अग्रजप्रति आभार। यसै काममा निःस्वार्थ समर्पित व्यक्तित्वलाई सम्मान गर्ने यो परम्परा र हाम्रो प्रयासमा साथ दिन, हौसला दिन यस स्थलमा पाल्नुहुने यहाँहरूलाई स्वागत र सम्मान। यो उपस्थितिले हाम्रो हौसला बढेको छ। सदाझैँ यहाँहरूको स्नेह पाइराखौँ। सबैमा आगामी चाडपर्वको शुभकामना र स्वस्थ जीवन तथा दीर्घायुको कामना।

# जैविक विविधता, जीवमण्डल सुरक्षा र वातावरणीय कानून

## प्रा.डा. कटक मल्ल

जगदम्बा-श्रीबाट सम्मानित प्रा.डा. योगेन्द्र प्रसाद यादवज्यू,
मदन पुरस्कारबाट सम्मानित मोहन मैनालीज्यू,
गुठीका अध्यक्ष र उपस्थित सम्पूर्ण महानुभावहरू

*युक्रेन, गाजा वा अन्यत्र चलिरहेका युद्धका अतिरिक्त जैविक-महामारी, आणविक हतियार, जलवायु परिवर्तन जस्ता डरलाग्दा समस्याहरू हाम्रा अगाडि छन्। यी विषयलाई ध्यानमा राख्दै मेरो प्रवचन 'जैविक विविधता, जीवमण्डल (बायोस्फियर) सुरक्षा र वातावरणीय कानून'मा केन्द्रित रहने छ (पारिभाषिक शब्दावलीका कमी र अप्ठेरोले कतिपय ठाउँमा अङ्ग्रेजी शब्दहरू प्रयोग भएका छन्, यसका लागि क्षमा चाहन्छु)।*

*यो प्रवचनमा पृथ्वीको वातावरणीय सीमाहरूको सन्तुलन, अमेरिका र रुस हतियार नियन्त्रण (डिसआर्ममेन्ट) सन्धिको अन्त्य, संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को असक्षमता जस्ता विषयमा केन्द्रित गर्दै, परम्परागत सैन्य सुरक्षासँगै जैविक, जलवायु र वातावरणीय सुरक्षा किन आवश्यक छ भन्ने निष्कर्षका साथ प्रवचनको अन्त्य गर्ने छु।*

पृथ्वीका धेरै जैविक प्रजातिहरू लुप्त भैसकेका छन्। मानव प्रजातिकै पूर्वज 'होमो सेपियन' बाहेकका अन्य आठ प्रजाति लोप भइसकेका छन्। यो एउटा हृदयविदारक तथ्य र वास्तविकता हो तर हामी मध्ये धेरैले ती

लुप्त प्रजातिका बारेमा सोच्दैनौँ। उनीहरूको अस्तित्व मेटिएकोमा चिन्ता पनि गर्दैनौँ।

संयुक्त राष्ट्र संघको एक प्रतिवेदन अनुसार अनुमानित आठ लाख जीवमध्ये एक लाख केही दशकमा लोप हुँदैछन्। यी लोपोन्मुख जीवका विषयमा पनि हामी गम्भीर छैनौँ। हाम्रै वरिपरिका जीवहरू सधैँका लागि हराउँदैछन् तर हामी त्यो महसुस गर्न सक्दैनौँ।

वैज्ञानिकहरू भन्छन्- जैविक विविधतामा ह्रास आउनुमा प्राकृतिक भन्दा मानवीय गतिविधि बढी जिम्मेवार छन्। उदाहरणका लागि कोभिड-१९ लगायत मानव स्वास्थ्यसँग जोडिएका समस्या जैविक विविधताकै ह्रासका (कल्मिनेटिङ्) असर हुन्। जैविक विविधताले प्राणीहरूको पारस्परिक सह-अस्तित्वमा सन्तुलन राख्दै रोग नियन्त्रण गर्न मद्दत गर्दछ। शारीरिक र मानसिक स्वास्थ्य तथा सामाजिक कल्याणका लागि पनि जैविक विविधता अपरिहार्य मानिन्छ।

लगभग ११ हजार सात सय वर्ष पहिले ‘होलोसिन युग’ (हिम युगपछिको समय) बाट हाल ‘एन्थ्रोपोसिन युग’ (मानव युग) सम्म आइपुग्दा पृथ्वीको जीवमण्डलमा जैविक विविधता घटेको छ, जसलाई फिर्ता ल्याउन सम्भव छैन। साथै जैविक विविधता थप लोप हुने क्रम पनि जारी नै छ।

## जैविक सुरक्षा र पृथ्वीको सीमाहरूको सन्तुलन

जैविक सुरक्षा साझा चासोको विषय हो। हाम्रो ज्ञान र दृष्टिकोण अब जैविक सुरक्षा र जीवमण्डलको अखण्डताप्रति जागृत हुनुपर्छ। यसै सन्दर्भमा वैज्ञानिकहरूले पृथ्वीको वातावरणीय अखण्डता सम्बन्धी नौ परिधि (नाइन प्लेनेटरी बाउन्ड्री) पहिचान गरेका छन्। ती हुन्- जलवायु परिवर्तन, जीवमण्डल (बायोस्फियर) अखण्डतामा परिवर्तन (अर्थात्

जैविक विविधता गुम्नु र प्रजाति लोप हुनु), जीवमण्डलीय ओजोन तहमा क्षति, महासागरमा अम्लीकरण, जैविक तथा भू-रासायनिक प्रवाह (फस्फोरस र नाइट्रोजन चक्र), भूमि-प्रणालीमा परिवर्तन (वन विनाशका कारण), वायुमण्डलमा मिसिएको 'एरोसोल' भार (वायुमण्डलमा मिसिएका सूक्ष्म कणहरू जसले वातावरण र जीवका अङ्गलाई नकारात्मक असर गर्छ), पानीको अत्यधिक प्रयोग र प्लास्टिक मिश्रित तत्त्वको व्यापक उपभोग। विश्वका नागरिक र मुलुकका लागि यी नौ परिधिहरूको सन्तुलन कायम गर्नु नै वर्तमान समयको सबैभन्दा ठूलो चुनौती हो।

स्वीडेनका वातावरणविद् योहान रकस्ट्रोम नेतृत्वको टोलीले पहिलो पटक सन् २००९ मा 'पृथ्वीका नौ सीमा'को अवधारणा प्रस्तुत गरेको थियो। यो भन्दा केही वर्ष पहिले जर्मनीका रसायनशास्त्री जब पोल क्रुत्जेनले 'हामी अब 'होलोसिन'मा छैनौँ, 'एन्थ्रोपोसिन'मा छौँ' भन्ने घोषणा गरेका थिए। 'होलोसिन' भनेको ११ हजार सात सय वर्षदेखि सन् २००९ सम्मको अवधिको भौगोलिक वर्गीकरण हो। मानवले पृथ्वीको वातावरणमा आमूल परिवर्तन गरेको तथ्यतर्फ सङ्केत गर्दै पोल क्रुत्जेनले वर्तमान युगलाई 'होलोसिन'को सट्टा 'एन्थ्रोपोसिन' भनेर वर्णन गरेका हुन्।

जसरी मानिसको स्वास्थ्य जाँच गर्दा प्रत्येक परीक्षणका सङ्केत हुनुपर्ने मानक भन्दा माथि वा तल भएमा त्यस अवस्थालाई खतरा मानिन्छ, त्यसैगरी पृथ्वीका निर्धारित सीमा पार भएपछि असन्तुलन शुरू भएको मानिन्छ। पर्यावरणीय मानकले पृथ्वीको स्वास्थ्य अवस्थाको सङ्केत गर्दछ र यो नाजुक अवस्थामा छ।

वैज्ञानिकहरूले पहिचान गरेका वायुमण्डललाई हानि गर्ने हरितगृह ग्यासका तत्त्वहरू क्लोरोफ्लोरोकार्बन, हाइड्रोक्लोरोफ्लोरो कार्बन, हलोजनेटेड कार्बन, हाइड्रोजन, क्लोरीन र फ्लोरिन, मिथेन र प्रोपेन तथा इथेन हुन्।

हरितगृह ग्यासका साथै वैज्ञानिकहरूले जलवायु परिवर्तनमा वायुमण्डलीय कार्बन डाइअक्साइडको तल्लो र माथिल्लो सीमा क्रमशः तीन सय ५० र चार सय ५० प्रति मिलियन भाग (पीपीएम) निर्धारण गरेका छन्। यदि वायुमण्डलीय कार्बन डाइअक्साइडको तह ४ सय ५० पीपीएम भन्दा धेरै भयो भने दिगो रूपमा बाँच्नका लागि पृथ्वी उपयुक्त हुँदैन।

मानवले आफ्नो जीवनमा अत्यधिक कार्बन ऊर्जा, कृषिमा विषादी, प्लाष्टिक लगायतका रासायनिक पदार्थको अति प्रयोग तथा प्राकृतिक स्रोतको अत्यधिक दोहन गरेर पृथ्वीको आन्तरिक सन्तुलन बिगारेको छ। वायुमण्डलमा कार्बन डाइअक्साइड तीव्र गतिमा बढेका कारण महासागरमा अम्लीकरण बढिरहेको छ। हावामा रहेको धूलो, धुवाँ लगायतका ठोस र तरल पदार्थ (‘एरोसोल लोडिङ’) ले सीमा नाघेको छ, जसले जीवमण्डलको अखण्डतालाई नोक्सान पुऱ्याएको छ। त्यसो त ओजोन सम्बन्धी भियना महासन्धि सन् १९८५ र मोन्ट्रियल प्रोटोकलको कार्यान्वयनका कारण वायुमण्डलीय ओजोन स्तरमा केही सुधार पनि भएको छ।

जैविक विविधता र जीवमण्डल सुरक्षाका लागि वातावरणीय कानून के कति विकसित भएको छ (वा छैन) भन्ने विषय सान्दर्भिक हुन सक्छ भन्ने आधारमा यो प्रवचनको त्रिकोणीय शीर्षक निर्धारण गरिएको हो।

## वातावरणीय सुरक्षा कानून

सन् १८५० देखि हालसम्म वातावरणसँग सम्बन्धित हजारौँ द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय सन्धि-सम्झौता भएका छन्। सम्झौताहरू प्राकृतिक स्रोतमा मानवीय प्रभाव रोक्ने वा व्यवस्थापन गर्ने विषयसँग सम्बन्धित छन्। माथि उल्लिखित पृथ्वीको वातावरणीय अखण्डताका नौ सीमासँग सम्बन्धित वातावरणीय कानून-नियमको उद्देश्य सवारी साधन, हरितगृह, पावर प्लान्ट तथा कलकारखाना जस्ता विभिन्न स्रोतबाट हुने प्रदूषण नियन्त्रण गर्न निश्चित मापदण्ड अपनाउने देखिन्छ। साथै सीमापार वायु प्रदूषण, धुवाँ, अम्ल वर्षा र अन्य समस्यासँग जुध्ने तथा स्वास्थ्य र वातावरणको रक्षा गर्ने पनि हो।

कानून अन्तर्गत वातावरणीय संरक्षण र पुनर्स्थापना मात्र होइन संरक्षित वन्यजन्तुको चोरी सिकारी, विनाश, व्यापारलाई पर्यावरणीय अपराधको रूपमा परिभाषित गरिएको छ। साथै संरक्षित वन्यजन्तु आयात, निर्यात र बजारीकरण वा ओजोनमा क्षति पुऱ्याउने वस्तुहरूको प्रयोग पनि निषेधित छ।

## स्टकहोम घोषणा

सन् १९७२ मा भएको स्टकहोम सम्मेलनको घोषणापत्रलाई अन्तर्राष्ट्रिय वातावरणीय कानूनको आधुनिक उत्पत्ति स्रोत मानिन्छ। स्टकहोम घोषणा मानव केन्द्रित (एन्थ्रोपोसेन्ट्रिज्म) थियो, जसमा २६ सिद्धान्त अन्तर्गत औद्योगिक र विकासोन्मुख देशबीच आर्थिक वृद्धि, वायु, पानी र प्रदूषणको आपसी सम्बन्धलाई अन्तर्राष्ट्रिय चासोको अग्रभागमा राखिएका छन्।

रियो घोषणा (१९९२) ले एन्थ्रोपोसेन्ट्रिज्मको सट्टा इकोसिस्टम अखण्डतालाई जोड दियो। स्टकहोमदेखि रियो घोषणासम्म जमिन, समुद्र, ओजोन तह र वायुमण्डल सम्बन्धी धेरै सन्धि र सम्झौता अस्तित्वमा आए। रियो घोषणापछि दिगो विकासको सिद्धान्त सबै मुलुकको राष्ट्रिय दायित्व बन्न पुग्यो। जलवायु परिवर्तन महासन्धि (युनाइटेड नेशन्स फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज, १९९२) र जैविक विविधता महासन्धि (बायोलजिकल डायवर्सिटी कन्भेन्सन, १९९२) दिगो विकासको उद्देश्य प्राप्त गर्ने माध्यम हुन्।

जलवायु महासन्धिको क्योटो प्रोटोकल १९९७ को बाध्यकारी उत्सर्जन कटौती गर्ने 'उत्सर्जन व्यापार', 'संयुक्त कार्यान्वयन' र 'स्वच्छ विकास' (एमिशन ट्रेडिङ्, जोइन्ट इम्प्लिमेन्टेशन, क्लिन डेभलपमेन्ट मैकेनिज्म) प्रणालीहरू पेरिस सम्झौता २०१५ अन्तर्गत 'स्वेच्छिक रिपोर्टिङ्' (नेशनली डिटरमिन्ड कन्ट्रिब्युशन) मा रूपान्तरित गरियो। स्वैच्छिक रिपोर्टिङ्ले कार्बन उत्सर्जन घटाउन मद्दत गर्नेमा भने आशङ्का छ।

स्टकहोम घोषणापछि विभिन्न वातावरणीय सन्धि र राष्ट्रिय र अन्तर्राष्ट्रिय अदालतका निर्णय मार्फत वातावरण सम्बन्धी 'कुनै हानि नगर्ने' (नो हार्म), 'आवश्यक विवेक' (डीउ डेलिजेन्स), सावधानी (प्रिकशनरी प्रिन्सिपल्स) अपनाउने, प्रदूषकले क्षति तिर्ने (पोल्यूटर पे प्रिन्सिपल) र 'इकोसाइड'को अवधारणा अस्तित्वमा आए र वातावरणीय कानूनका मूल सिद्धान्तहरू स्थापित भए।

उता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अदालतमा दुई हजारभन्दा बढी जलवायु परिवर्तनसँग सम्बन्धित मुद्दा दायर भएका छन्। अदालतद्वारा नदी, पहाड र वनको कानूनी व्यक्तित्व र अस्तित्व स्वीकार गरिएको छ। स्वच्छ हावाको अधिकार, स्वच्छ पानीको अधिकार, स्वच्छ वातावरणको

अधिकारलाई मान्यता दिइएको छ। मानव प्रकृतिको मालिक होइन, संरक्षक हुनुपर्छ भन्ने सिद्धान्त स्थापित भएको छ।

अन्तर्राष्ट्रिय वातावरणीय कानूनको उल्लेखनीय विकासका बावजुद स्टकहोम घोषणाको सिद्धान्त २६ को उचित सम्बोधन हुन आवश्यक देखिन्छ। सिद्धान्त २६ अनुसार, 'मानिस र पर्यावरण आणविक हतियार तथा सामूहिक विनाशका माध्यमबाट उत्पन्न हुने प्रभावबाट जोगिनै पर्छ र राज्यले त्यस्ता सामूहिक विनाशका हतियार उन्मूलनका लागि अन्तर्राष्ट्रिय स्तरमा तुरुन्त सम्झौतामा पुग्ने प्रयास गर्नुपर्छ'। तर हाल राष्ट्रहरूबीच सामूहिक विनाशका हतियारको प्रतिस्पर्धा चलिरहेको छ, जुन जलवायु परिवर्तनको खतरा जत्तिकै खतरनाक छ।

स्टकहोम सिद्धान्त २६ जस्तै अन्तर्राष्ट्रिय रूपमा कम चर्चा हुने मानवअधिकार घोषणापत्रको धारा २८ पनि महत्त्वपूर्ण छ, जसमा भनिएको छ- 'प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय सुव्यवस्थाको हक छ (अ राइट टु सोशल एण्ड इन्टरनेशनल अर्डर) जस अन्तर्गत यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रता पूर्णरूपमा प्राप्त गर्न सकिन्छ'। यसका लागि आवश्यक पर्ने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था न्यायपूर्ण र शान्तिपूर्ण हुनुपर्छ। तर, वर्तमान सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था प्रणाली न त न्यायपूर्ण छ, न त शान्तिपूर्ण!

विगत पचास वा सो भन्दा बढी वर्षमा अन्तर्राष्ट्रिय वातावरणीय कानून धेरै हदसम्म विकसित भए पनि हालसम्म 'वातावरणीय सुरक्षाको अवधारणा' विश्वव्यापी रूपमा मान्य भएको छैन। परम्परागत सैन्य सुरक्षाको अवधारणाले वातावरणीय सुरक्षालाई समावेश गर्दैन। सुरक्षाको यस्तो सङ्कीर्ण व्याख्याले सामूहिक जलवायु सुरक्षालाई कमजोर पारेको

छ। यो अवधारणा भित्र सैन्य र द्वन्द्व, कार्बन उत्सर्जन, सामूहिक सुरक्षा सहितका औपचारिक विषय समेटिएको देखिँदैन।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा सेनाको भूमिका पारदर्शी छैन किनभने शक्तिशाली सैन्य राष्ट्र सेनाका तथ्याङ्क प्रकाशित गर्दैनन्। एक अनुमान अनुसार ५.५% हरितगृह ग्यास उत्सर्जनका लागि सैन्य स्रोत जिम्मेवार छ। सैन्य र द्वन्द्वबाट सृजित उत्सर्जनबारे कम अध्ययन भएको छ। युक्रेन र गाजाको निरन्तर विनाशबाट विस्तारित सन्धि पक्षको सम्मेलन (कप २८, दुबई)ले जलवायु सङ्कट, शान्ति र सुरक्षाको सम्बन्धमा ध्यान दिएको थियो तर कुनै ठोस परिणाम भने निस्केको छैन।

## अमेरिका र रूस हतियार नियन्त्रण सन्धिको अन्त्य

सन् १९७०-८० को दशकमा संयुक्त राज्य अमेरिका र तत्कालीन सोभियत संघले हतियार नियन्त्रण सन्धि गरेका थिए। ती मध्ये सबैभन्दा महत्त्वपूर्ण छन्- एन्टी-ब्यालिस्टिक मिसाइल सन्धि (एबिएम १९७२), रणनीतिक हतियार सीमितता सन्धि (साल्ट प्रथम र साल्ट दोस्रो १९७९), इन्टरमिडियट-रेन्ज न्यूक्लियर फोर्सेस् सन्धि (आईएनएफ सन्धि १९८७) र सामरिक हतियार घटाउने सन्धि (१९९१)।

सन् २००२ मा संयुक्त राज्य अमेरिका एबिएम सन्धिबाट पछि हट्यो। संयुक्त राज्य अमेरिकाले २०२० र रूसले २०२१ मा खुला आकाश ओपेन स्काइज सन्धि (१९९२) बाट बाहिरिने घोषणा गरे। संयुक्त राज्य अमेरिकाले २०१९ मा आईएनएफ सन्धि औपचारिक रूपमा फिर्ता लियो। यो सन्धि अन्तर्गत सबै क्षेप्यास्त्र स्थायी रूपमा नष्ट गर्ने र आणविक हतियार पूर्णरूपमा खारेज गर्ने सहमति थियो। रूसले आईएनएफ सन्धि पालना नगरेको आरोप लगाएर संयुक्त राज्य अमेरिकाले राष्ट्रपति

डोनाल्ड ट्रम्पको समयमा औपचारिक रूपमा यो सन्धिको अन्त्य गर्‍यो। यद्यपि रुसले भने अमेरिकाको आरोप अस्वीकार गरेको थियो।

युरोपका २२ देशले सन् १९९० मा परम्परागत सशस्त्र सन्धिमा हस्ताक्षर गरे। यस सन्धिले ट्याङ्क, तोप र युद्धक विमान सहित हतियारको मात्रामा सीमा तोकेको थियो। रासायनिक हतियार महासन्धि १९९३ ले रासायनिक हतियारको विकास, उत्पादन, अधिग्रहण, भण्डारण, स्थानान्तरण वा प्रयोगलाई निषेध गरेर सामूहिक विनाशका हतियार हटाउने लक्ष्य राखेको थियो।

आणविक परीक्षण प्रतिबन्ध सन्धि (१९९६) ले परमाणु हतियार कम गर्ने र अन्ततः उन्मूलन गर्ने लक्ष्यका साथ, संसारका कुनै पनि ठाउँमा 'कुनै पनि आणविक हतियार परीक्षण र विस्फोट'लाई प्रतिबन्धित गर्दछ। रूसले यस सन्धिको प्रमाणीकरण प्रणालीलाई तथ्याङ्क उपलब्ध गराउने र अमेरिकाले नगरेसम्म आणविक परीक्षण नगर्ने बताएको छ। यसरी अनेक सन्धिका बावजुद विश्वमा आमविनाशका हतियार नियन्त्रण भएको छैन बरु उत्पादन बढिरहेको छ।

## संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्‌को असक्षमता

संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गत अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्ने मुख्य जिम्मेवारी राष्ट्र संघको सुरक्षा परिषद्‌मा निहित छ। सुरक्षा परिषद्‌मा रहेका १५ सदस्य मध्ये पाँच स्थायी र १० अस्थायी सदस्य छन्। सबै सदस्य राष्ट्र परिषद्‌का निर्णय स्विकार्न बाध्य हुन्छन्। प्रत्येक सदस्यको मत महत्त्वपूर्ण हुन्छ तथापि स्थायी सदस्यहरू (बेलायत, अमेरिका, फ्रान्स, रूस र चीन) सँग तथाकथित भिटो शक्ति छ जसले कुनै पनि ठोस निर्णयलाई रोक्न सक्छ। पहिलो र दोस्रो विश्व युद्ध नदोहोर्‍याउन

र पछिल्ला पुस्तालाई युद्धको प्रकोपबाट बचाउनका लागि सुरक्षा परिषद् स्थापना भएको भनिए पनि हाल यो परिषद् एक नयाँ औपनिवेशिक शक्ति संरचनामा परिणत भएको छ।

पाँच स्थायी शक्तिसँग सामूहिक विनाशका हतियारको सबैभन्दा ठूलो मात्रा छ र ती सबैभन्दा ठूलो कार्बन उत्सर्जनकर्ता हुन्। स्थायी सदस्यहरूको गैरकानूनी कार्यको सूची लामो हुन सक्छ। इराकमा अमेरिकी अवैध युद्ध (२००३) र युक्रेनमा जारी रूसी आक्रमण स्थायी सदस्यहरूको अराजकताको अक्षम्य उदाहरण हुन्। सुरक्षा परिषद्मा पारित अमेरिका प्रायोजित (११ जुन २०२४) इजरायल-हमास युद्धविराम प्रस्तावलाई अमेरिका आफैँले लागू गरेको छैन।

संयुक्त राष्ट्र संघका मुख्य उद्देश्यमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा, विश्वका जनताको भलाइ र प्रवर्द्धन गर्ने उल्लेख छ। यसले हरेक एक दशकमा नयाँ नारा घोषणा गर्छ, जस्तै सन् १९६०-७० को दशकलाई मानव अधिकारको हनन, उत्पीडन, गरिबी, रोग, अशिक्षा, भोक, बेरोजगारी असमानता विरुद्ध लड्ने र मानव प्रगति र विकासलाई बढवा दिने थियो। फलस्वरूप १९७० को दशकमा 'नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्था' को नारा अन्तर्गत विकसित देशहरू आफ्नो कूल राष्ट्रिय आयको ०.७% सहायता विकासोन्मुख देशको आर्थिक, वातावरणीय, सामाजिक र राजनीतिक विकासका लागि दिन सहमत भए।

आजको नारा दिगो विकास हो। दिगो विकासका १७ लक्ष्य छन्, जस्तै गरिबी र असमानताको अन्त्य, पृथ्वीमा वातावरणको रक्षा, स्वास्थ्य, न्याय र समृद्धिको सुनिश्चितता आदि। विगतका नाराहरू असफल भए जस्तै सन् २०३० सम्ममा हासिल गरिने १७ लक्ष्य पनि हासिल गर्न सकिने स्थिति देखिँदैन।

## आणविक हतियार निरस्त्रीकरण, जैविक र जलवायु सुरक्षा किन?

विज्ञका अनुसार युक्रेनमा रूसी आक्रमणपछि संयुक्त राज्य अमेरिका र रूसको सम्बन्धमा देखिएको सङ्कट सन् १९६२ को क्युबा मिसाइलपछि देखा परेको सबैभन्दा गहिरो सङ्कट हो। युक्रेन र गाजा युद्ध छिट्टै समाप्त हुने स्थिति देखिँदैन। नेपालका नजिकका छिमेकी चीन र भारतले आफ्नो सैन्य र हतियारको शक्ति बढाइरहेका छन्। सैन्य शक्तिको होडमा होमिएका राष्ट्रका लागि हिमालयबाट तीव्र गतिमा पग्लिरहेको हिउँ, हिमताल विस्फोट, बाढी-पहिरो जस्ता विपद् महत्त्वपूर्ण लाग्दैनन्। फलस्वरूप द्वन्द्वग्रस्त समयमा जलवायु परिवर्तन झन् डरलाग्दो बन्ने गर्छ।

वातावरणीय सुरक्षालाई सैन्य सुरक्षामा समावेश गर्ने कि नगर्ने भन्ने विषय विज्ञहरूका लागि गम्भीर चिन्ताको विषय त बनेको छ तर एकमत हुन सकेको छैन। केहीले वातावरण र सैन्य सुरक्षाको एकीकरण गर्ने र सम्बन्ध जोड्ने कुराको विरोध गर्छन्, किनभने सुरक्षा परिषद्का स्थायी सदस्यले विगतमा अवैध रूपमा काम गरेका छन्। संयुक्त राष्ट्र संघको महासभा सामूहिक वातावरणीय सुरक्षालाई स्वीकार गर्ने सही मञ्च हो तर सदस्य राष्ट्रहरूसँग राजनीतिक इच्छा शक्तिको अभाव छ।

आम विनाशका हतियार, रासायनिक हतियार र अन्य कतिपय सैन्य गतिविधिले हावा, पानी र माटोलाई प्रदूषित गर्छ र जैविक विविधतालाई हानि पुऱ्याउँछ। ट्याङ्क, युद्धक विमान, जलसेनाका जहाज र अन्य सैन्य सवारीले ठूलो मात्रामा कार्बन उत्सर्जन गर्छ। मानिसहरू द्वन्द्वग्रस्त क्षेत्रबाट भागेपछि प्रायः शहरी क्षेत्रमा सर्ने हुनाले तीव्र शहरीकरण हुन्छ, जसले यातायात र ऊर्जाको माग बढ्छ र उत्सर्जन पनि बढ्छ। अर्कोतिर युद्धपछिको पुनर्निर्माणका लागि पनि धेरै ऊर्जा चाहिन्छ। फलस्वरूप जलवायु परिवर्तनमा थप असर पर्छ। युद्धमा विस्फोट नभएका हतियार

जमिनमा जथाभावी छाडिनाले र रासायनिक हतियारको प्रयोगले भूमिलाई दीर्घकालीन क्षति पुऱ्याउँछ। सैन्य कार्यवाहीले पानीको मूल नष्ट गर्ने र कृषि उत्पादन तथा दैनिक जीवनपद्धतिमा असर गर्छ। युद्धले जस्तै जलवायु परिवर्तनको असरले बसाइँसराइ निम्त्याउँछ। बसाइँसराइ, विस्थापन वा सांस्कृतिक विनाशको कारणले जलवायु परिवर्तन न्यूनीकरण गर्ने प्रयास कमजोर बन्न पुग्छ। यी विषयलाई सम्बोधन गर्दै दिगो विकासमा आधारित पूर्वाधार निर्माण, जलवायु सन्तुलन र शान्तिलाई सँगसँगै लग्न आवश्यक छ।

## निष्कर्षमा

जलवायु परिवर्तनमा युद्धको प्रभाव बहु-आयामिक हुन्छ किनभने यसले वातावरण र 'इकोसिस्टम'को विनाश गर्छ। युद्धले प्राकृतिक स्रोतको दुरुपयोग गर्छ, मानवीय तथा आर्थिक क्षति गराउँछ र वायुमण्डलमा कार्बनको मात्रा बढाउँछ। त्यसैले जैविक विविधताको संरक्षणको लागि 'वातावरणीय सुरक्षाको अवधारणा' विश्वव्यापी रूपमा स्विकार्नु आवश्यक छ।

स्टकहोम सिद्धान्त २६ अनुसार सैन्य शक्ति मुलुक सामूहिक विनाशका हतियार उन्मूलनको सम्झौतामा पुग्नु पर्नेमा त्यो सम्भावना हाल देखिँदैन। मानवअधिकार घोषणापत्रको धारा २८ अनुसार 'प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय शान्तिपूर्ण व्यवस्थाको स्थापना गर्ने भन्दा मुलुकहरू आन्तरिक र अन्तर्राष्ट्रिय स्तरमा द्वन्द्व र युद्धमा संलग्न देखिन्छन्।

संयुक्त राष्ट्र संघको महासभाका सदस्यले स्टकहोम सिद्धान्त २६ अनुसार 'सामूहिक वातावरणीय सुरक्षा' सहित मानवअधिकार घोषणापत्रको धारा

२८ अनुसार प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय शान्तिपूर्ण व्यवस्थाको स्थापनालाई अन्तर्राष्ट्रिय बहसको केन्द्रमा ल्याउनुपर्छ। नेपालले चाहेमा 'सामूहिक वातावरणीय सुरक्षा'का लागि महासभामा प्रस्ताव पहल गर्न सक्छ।

नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम २७ स्तनधारी, नौ चरा र तीनवटा सरिसृप प्रजातिलाई कानूनी संरक्षण दिएको छ। यो प्रवचन तयार गर्दै गर्दा नेपालको बझाङ जिल्लाका 'स्थानीय तहले सेती नदी र सहायक खोलामा माछाले फुल पार्ने तथा प्रजनन समय (भदौ, असोज र फागुन, चैत महिना) मा सेती नदी क्षेत्रमा पर्ने पालिकाहरूले माछा मार्न पूर्ण रूपमा प्रतिबन्ध लगाएका छन्' भन्ने समाचार पढ्दा जैविक विविधताको महत्त्व स्थानीय तहमा महसुस गरिएको छ भन्न सकिन्छ। यो प्रतिबन्धको कार्यान्वयन कसरी हुनेछ र यसले कस्तो परिणाम ल्याउनेछ हामीले पर्खनु पर्छ। अन्तर्राष्ट्रिय वातावरणीय कानूनको कार्यान्वयन धेरै हदसम्म राष्ट्रिय कानूनी प्रणाली र कार्यान्वयनमा पनि निर्भर गर्दछ भन्ने कुरा पनि हामीले भुल्नु हुँदैन।

धन्यवाद।

## जगदम्बा-श्रीबाट सम्मानित प्रा.डा. श्री योगेन्द्र प्रसाद यादवज्यूको मन्तव्य

मदन पुरस्कार गुठीका अध्यक्षज्यू तथा सदस्यहरू,
प्रा.डा. श्री कटक मल्लज्यू, मदन पुरस्कारबाट सम्मानित श्री मोहन मैनालीज्यू तथा यस समारोहमा उपस्थित आदरणीय महानुभावहरू!

मदन पुरस्कार गुठीद्वारा आयोजित सम्वत् २०८० को जगदम्बा-श्री तथा मदन पुरस्कार समर्पण समारोहमा मैले नेपालका भाषाहरूको पहिचान, संरक्षण र अध्ययन-अनुसन्धानका क्षेत्रमा गरेको योगदानको कदर स्वरूप जगदम्बा-श्री पुरस्कार प्रदान गर्नु भएकामा म यस गुठीका समादरणीय अध्यक्षज्यू तथा सदस्यहरूप्रति हार्दिक नमन र कृतज्ञता अर्पण गर्छु।

यो प्रस्तुतिको मुख्य उद्देश्य मैले एक्लै तथा सहकार्यका रूपमा नेपालका भाषाहरूका विषयमा गरेका केही अध्ययन-अनुसन्धानमा संलग्न भएको बारेमा संक्षेपमा जानकारी दिनु हो। यी अध्ययन-अनुसन्धानमा सहयोग गर्ने विभिन्न व्यक्ति र संस्थाप्रति आभार व्यक्त गर्नु पनि हो।

भाषा मानव जातिको अद्वितीय सम्पत्ति हो। भाषाले नै मानव जातिलाई अन्य प्राणीहरूबाट अलग्याउँछ। मानव जातिको विकासको इतिहासलाई केलाउने हो भने भाषा नै सर्वश्रेष्ठ उपलब्धि मानिन्छ किनभने परिष्कृत भाषा प्रणाली र प्रकार्यको वैज्ञानिक संरचना अत्यन्त जटिल प्रक्रिया हो। सञ्चारको प्रमुख माध्यम, सोच्ने तरीका, मानिसहरू माऽ अन्तर्सम्बन्ध स्थापित गर्ने कडी, संस्कृतिको धरोहर, शिक्षाको माध्यम, व्यापारको संवाहक र सूचना प्रविधिको अपरिहार्य साधन भएकाले मानव जातिका लागि भाषा सर्वोत्कृष्ट संसाधन मानिन्छ। भाषाको यो परिष्कृत र जटिल प्रणालीको विश्लेषण गर्ने एउटा गम्भीर वैज्ञानिक विधाका रूपमा

भाषाविज्ञानको विकासको लामो इतिहास छ। विश्वमा सम्प्रति करिब तीन दर्जनभन्दा बढी भाषावैज्ञानिक सिद्धान्तहरू प्रतिपादित भएको पाइन्छ।

## सैद्धान्तिक अनुसन्धान

अनुसन्धानमा सिद्धान्तको महत्त्वपूर्ण भूमिका हुन्छ। यसले सम्बन्धित विषयको वर्णन गर्नाका साथै उक्त विषयको गहिराइमा गएर सत्यतथ्य बुझ्ने र कारणसमेत स्पष्ट पार्ने प्रयास गर्छ। तसर्थ, विश्वविद्यालयस्तरीय अनुसन्धान सामान्यतः सिद्धान्त-सञ्चालित (theory-driven) हुनुपर्छ। यसै अनुरूप मेरो पिएचडी अनुसन्धान सिद्धान्तमा आधारित छ। यसमा मैले विश्वकै सर्वश्रेष्ठ भाषाशास्त्री प्रा. नोम ए. चोम्स्कीद्वारा प्रतिपादित Transformational-Generative Grammar को तत्कालीन सबैभन्दा प्रभावशाली संस्करण Theory of Government and Binding को ढाँचाको आधारमा आफ्नो मातृभाषा मैथिली लगायत अन्य केही भाषाका वाक्यहरूको विश्लेषण गरेको छु। यस अनुसन्धानमा यी भाषाका तथ्यका आधारमा प्रतिपादित भाषावैज्ञानिक सिद्धान्तहरूको अनुभवजन्य पर्याप्तता (empirical adequacy) वा यथार्थताको परीक्षण (reality check) गर्दा ती सिद्धान्तमा केही आवश्यक तात्त्विक परिवर्तन गर्नुपर्ने कुरा प्रस्ताव गरेको छु।

यो पिएचडी अनुसन्धान पश्चात् समय-समयमा नेपाली, मैथिली र अन्य केही भाषाका तथ्यहरूको आधारमा चोम्स्केली सिद्धान्तको नवीनतम संस्करण Minimalist Theory को निरूपण कार्यमा व्यक्तिगत वा समूहगत रूपमा अद्यावधि संलग्न रहँदै आएको छु। मैथिलीको क्रिया मेल/सङ्गति अन्य कुनै पनि भारतीय-आर्य भाषाको तुलनामा सबैभन्दा जटिलमध्ये एक हो। यस भाषामा कर्ता र कर्ताइतर उद्देश्य, अन्य मुख्य युक्ति र गैर-युक्तिहरू पनि क्रियासँग सन्दर्भित छन्। जानकारीका लागि

आधुनिक भाषावैज्ञानिक सिद्धान्तअनुसार मैथिलीको क्रिया मेल/सङ्गतिवारे मैले सहकार्यका रूपमा गरेका अध्ययन मध्ये केही सन्दर्भ उल्लेख गर्नु सान्दर्भिक होला-

"Face vs. empathy: the social foundation of Maithili verb agreement' (1999). (Balthasar Bickel र Walter Bisang सँग सहलेखन), *Linguistics* 37.3:481-518

"The_syntax_of_possessor_prominence in Maithili". 2019. (Irina Nikolaev, Oliver Bond लगायतसँग सहलेखन) । Andras Barany, Oliver Bond and Irina Nikolaeva (सम्पादित) Prominent internal possessors मा प्रकाशित, New York and Oxford UK: Oxford University Press. pp. 39-79.

"Truly Long-distance Agreement with Internal Possessors in Maithili". 2024. (Elango Kumaran तथा Samir Alam सँग सहलेखन) *WCCFL* 42. *lingbuzz*/008391

## जनगणना र भाषिक विविधता

थुप्रै भाषा एवं भाषिकाहरूले सुसज्जित दक्षिण एसिया विश्वकै अत्यधिक बहुभाषी क्षेत्र हो। दक्षिण एसियामा क्षेत्रफलमा सानो हिमाली राज्यका रूपमा अवस्थित नेपाल पनि बहुभाषिकताबाट वञ्चित रहेको छैन। विगतका ८ वटा जनगणना (२००९/११-२०७८) मा भाषा सङ्ख्या निर्धारणको स्थिति यस प्रकार छः ४४ (२००९/११), ३६ (२०१८), १७ (२०२८), १८ (२०३८), ४१ (२०४८), ९२ (२०५८), १२३ (२०६८) र १२४ (२०७८)। नेपालमा बोलिने भाषाको सङ्ख्यामा आएको यस्तो उल्लेख्य वृद्धिका विभिन्न कारणहरू रहेका छन्। प्रजातन्त्रको

पुनःस्थापनापछि आदिवासी लगायत भाषिक अल्पसङ्ख्यक समुदायहरूमा आफ्नो मातृभाषाप्रतिको जागरणमा निरन्तर वृद्धि भएको छ। तिनका जातीय संस्थाले आफ्नो भाषा तथा सांस्कृतिक पहिचानको संरक्षण र संवर्द्धनमा जागरण ल्याउन सक्रिय भूमिका खेलेका छन्। जनगणना पछि भाषाहरूको राम्ररी पहिचान गर्न केही भाषाविद्सँग पनि सल्लाह लिइएको थियो। नेपालका भाषाहरूका सन्दर्भमा देखिएको यो अनिश्चितता र अघिल्ला पाँच जनगणनामा घटेको सङ्ख्याका कारणमध्ये मातृभाषाका वक्तामा मातृभाको महत्त्वका बारेमा जागरण/ज्ञान एवं आवश्यक सूचनाको अभाव तथा पञ्चायत काल र त्यसभन्दा अघि राज्यले लिएको 'एक राष्ट्र एक भाषा' नीतिलाई मुख्य मान्न सकिन्छ।

अन्तरनिर्भरताको सिद्धान्त अनुरूप नेपालमा बृहत् सांस्कृतिक, पर्यावरणीय तथा जैविक विविधतासँगै भाषिक विविधता पनि विद्यमान छ। नेपालका भाषाहरूमध्ये अधिकांश पूर्ण रूपमा वा मुख्य रूपमा नेपालमा बोलिन्छन् भने वर्तमान कामकाजी भाषा नेपाली सहित करिब ४० वटा भाषाहरू भारत र अन्यत्र समेत गरी एक भन्दा बढी मुलुकमा 'अन्तरसीमावर्ती भाषा' (cross-border languages) का रूपमा बोलिन्छन्।

कुसुन्डा भाषाबाहेक २०५८ को जनगणनामा उल्लेख भएका नेपालका भाषाहरू चार भाषा परिवारसँग सम्बन्धित छन्- भारोपेली, चीन-तिब्बती, आग्नेसियाली र द्रबिड। कुसुन्डा भने अहिलेसम्म पारिवारिक सम्बन्ध निश्चित गर्न नसकिएको एकल भाषा हो।

कुनै पनि राष्ट्रले भाषिक विविधतालाई अनावश्यक समस्या नठानेर एउटा वरदानका रूपमा लिनुपर्छ (रोबिन्सन २००३ई.)। भाषालाई सामाजिक संसाधन (social resource) का रूपमा लिन सकिन्छ, जसको उचित

परिचालनबाट राष्ट्रिय संस्कृतिको संरक्षण र सम्वर्द्धन, शिक्षामा सहजता र लोकप्रियता, विभिन्न भाषिक समुदायबीच पारस्परिक सम्पर्कको अभिवृद्धि सम्भव छ। यस स्रोतको पूर्ण उपयोगका लागि विकास लक्षित अन्य कार्यक्रम जस्तै ‘भाषा विकास’ पनि योजनाबद्ध रूपमा हुन आवश्यक देखिन्छ। यसै उद्देश्य अनुरूप त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागले नेपालको भाषिक सर्वेक्षण अन्तर्गत समाज भाषावैज्ञानिक अध्ययन सम्पन्न गरेको छ।

## अभिलेखीकरण

नेपालका केही भाषाहरूको मात्र समृद्ध लेख्य परम्परा रहेको छ। तिनमा नेपाली, मैथिली, तिब्बती/शेर्पा, नेवार, लिम्बू, भोजपुरी, अवधी र लेप्चा मुख्य छन्। यी सबैको लिखित साहित्यको लामो परम्परा छ र यी भाषा विभिन्न लिपिमा लेखिन्छन्। नेपालका अधिकांश भाषाहरू कथ्य रूपमै सीमित छन्। नेपालका हरेक भाषामा लामो समयदेखि मौखिक परम्परामा पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएका लोककथा, लोकगीत जस्ता लोकसाहित्यिक सम्पदाको समृद्ध भण्डार छ। साक्षरतामा वृद्धि र भाषा प्रसारणसँगै यस्ता सामग्री लोप हुँदै गइरहेका छन्। यसैले लोप हुनुअघि नै यिनको अभिलेखीकरण गरेर भावी पुस्ताको लागि सुरक्षित राख्ने काम गर्न ढिलो भइसकेको छ।

भाषा अभिलेखीकरण भन्नाले सामान्यतया कुनै भाषाका पाठसङ्ग्रह (corpus), व्याकरण, शब्दकोश र शब्दसूची निर्माण गरिएको भन्ने बुझिन्छ। नेपालमा अभिलेखीकरण भएका भाषाहरूको सङ्ख्या ज्यादै न्यून पाइएको छ। तर गत एक दशकदेखि त्रि.वि. भाषाविज्ञान केन्द्रीय विभाग, नेपाल प्रज्ञा-प्रतिष्ठान मातृभाषा विभाग, भाषा आयोग, आदिवासी-जनजाति विकास प्रतिष्ठान, मदन पुरस्कार पुस्तकालय संलग्न

Language Technology Kendra लगायतका संस्थाहरूको संलग्नतामा विभिन्न भाषामा अध्ययन-अनुसन्धानको गतिविधि बढेकाले बहुभाषिक शब्दकोश र व्याकरणको सङ्ख्या बढ्ने क्रममा देखिन्छ।

भाषा प्रविधि केन्द्र भनेको मदन पुरस्कार पुस्तकालय, त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभाग र काठमाडौं विश्वविद्यालय कम्प्युटर विज्ञान र ईन्जिनियरिङ् विभाग जस्ता तीन वटा संस्थाले गरेको सहकार्य हो। यी तीन संस्थाले सन् २००४ देखि विभिन्न भाषा प्रविधिको अध्ययन-अनुसन्धानमा सँगै मिलेर काम गरेका छन्। यी अध्ययन-अनुसन्धान मध्ये PAN स्थानीयकरण (http://panl10n.net) पनि एक हो। यस्तै, भाषा सञ्चार (http://bhashasanchar.org) मदन पुरस्कार पुस्तकालय तथा त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागको सहकार्यमा सम्पन्न भएको थियो। यस अनुसन्धानमा ओपन युनिभर्सिटी, युके, ल्यान्कास्टर युनिभर्सिटी, युके, गोटेनबर्ग युनिभर्सिटी, स्वीडेन, इएलआरए, फ्रान्स जस्ता धेरै अन्तर्राष्ट्रिय साझेदार थिए। यो योजना अन्तर्गत एक करोड ४० लाख शब्दको नेपाली राष्ट्रिय पाठसङ्ग्रह (Nepali National Corpus, NNC) निर्माण गरिएको छ। यसमा नेपाली भाषाका कथ्य र लेख्य दुवै प्रकारका पाठ समावेश गरिएका छन्। सङ्ग्रहित सबै पाठहरूलाई युनिकोडमा परिवर्तित गरी तिनको सङ्केतन (annotation) गरिएको छ। यस पाठसङ्ग्रहमा आधारित शब्दकोशीय र व्याकरणिक अनुसन्धान गर्ने कार्य हुँदै आएको छ। सूचना तथा भाषा प्रशोधन अनुसन्धान प्रयोगशाला (केयु) ले मदन पुरस्कार पुस्तकालयसँगको सहकार्यमा अङ्ग्रेजीबाट नेपाली वेबमा आधारित मेसिन ट्रान्सलेसन, दोभासे (http://nlp.ku.edu.np) सञ्चालन गरेको थियो। यसका अतिरिक्त, Language Technology Kendra ले

भविष्यमा अन्य केही भाषा प्रशोधनसँग सम्बन्धित कार्य गर्ने लक्ष्य राखेको छ।

डिजिटल डकुमेन्टेसन (Digital documentation) सङ्कटग्रस्त भाषा संरक्षणमा अत्यन्त सहयोगी हुन्छ। उदाहरणका लागि, University of London को प्राविधिक सहयोगमा त्रिवि भाषाविज्ञान विभागले बराम भाषाको Digital documentation अन्तर्गत यस भाषाको पाठसङ्ग्रह, व्याकरण, शब्दकोश र संस्कृति सम्बन्धी अध्ययन प्रस्तुत गरेर भाषाको संरक्षण गरेको छ। यस्तै किसिमका कार्यहरू पुमा-छिन्ताङ, मनाङे/न्यासाङ्ते, ग्याल्सुम्दो, मनाङ-गुरुङ र नार-फु आदि अल्पसङ्ख्यक भाषामा पनि भएका छन्।

नेपाल प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञ-परिषद् सदस्यको रूपमा मातृभाषा विभाग अन्तर्गत नेपालमा बोलिने भाषाहरूका विभिन्न पक्षको विश्लेषण गर्ने उद्देश्यले *Lexicography in Nepal* (1998; तेजरत्न कंसाकार र मेरो सह-सम्पादनमा), *Topics in Nepalese Linguistics* (1999; Warren W. Glover र मेरो सह-सम्पादनमा), *Readings in Maithili Language, Literature and Culture* (1999; मेरो सम्पादनमा), *मातृभाषाको रूपरेखा* (भाग १-३) (२०७७-२०७९; मेरो र कर्णाखर खतिवडाको सह-सम्पादन), *Prajña̅ Maithili̅-Nepa̅li̅-English Dictionary (with Nepali and English Glossaries)* (2017; मेरो लेखनमा), *Perspectives on Mother Tongue-Based Multilingual education in Nepal* (2020; लवदेव अवस्थी र मेरो सह-सम्पादनमा) मुख्यतः प्रकाशित भएका छन्। (थप जानकारीका लागि https://www.yogendrayadava.com.np हेर्न अनुरोध छ।)

## भाषाको लोप र संरक्षण

भाषाको लोपोन्मुखता तर्फको यात्रामा निरन्तरता हुन्छ। एकातिर सशक्त (vigorous) भाषाहरू हुन्छन् भने अर्कातिर मृतप्राय: वा मृत भाषाहरू हुन्छन् र दुवैका बीचमा अन्तर्सम्बन्धित क्रमका भाषाहरू रहन्छन्।

हालसालै Nature Ecology & Evolution 2021 जर्नलमा Lindell Bromham र अन्य (८) ले विश्वमा भाषाको लोपोन्मुखताबारे निम्न तथ्यहरू औँल्याएका छन्:

भाषाहरू लोप हुने मुख्य कारण यातायातको वृद्धिले गर्दा मानिसको बसाइँसराइमा तीव्रता र मातृभाषा इतर भाषाका माध्यमबाट दिइने दीर्घकालीन औपचारिक शिक्षा हुन्।

आगामी ४० वर्षमा भाषाको लोप तीन गुणाले बढ्छ।

प्रत्येक दुई हप्तामा एउटा भाषाको लोप हुन्छ।

यो शताब्दीको अन्त्यसम्म संसारभरिका १५०० भाषाहरू लोप हुनेछन्।

नेपालका अधिकांश भाषाहरू सङ्कटग्रस्त कोटिमा र केही सशक्त कोटिमा पर्दछन्। अधिकांश सङ्कटग्रस्त भाषाहरूको लेख्य परम्परा छैन र ती भाषा कुनै न कुनै रूपमा एक पिँढीबाट अर्को पिँढीमा सर्दै मौखिक कुराकानीमा सीमित छन् । यस्ता अल्पसङ्ख्यक भाषाहरू सीमान्तीकृत भएकाले लोप हुने स्थितिमा पुग्न सक्छन्। तर भारतको सीमामा बोलिने कतिपय साझा भाषाहरू अन्य मुलुक वा क्षेत्रमा बोलिने भएकाले यी भाषाका वक्ता नेपालमा अल्पसङ्ख्यक भए तापनि सङ्कटग्रस्त भन्न मिल्दैन।

२०७८ को जनगणना अनुसारका १२४ भन्दा बढी भाषामध्ये करीब २० वटा भाषा कुल जनसङ्ख्याको ९७ प्रतिशतले बोल्छन् भने १०४ भन्दा बढी भाषा तीन प्रतिशतले बोल्छन्। न्युन बोलिने भाषा-भाषीहरू छिटो लोप हुन सक्ने भएकोले तिनको संरक्षण अत्यावश्यक छ।

## शिक्षामा भाषा प्रयोग

सङ्कटग्रस्त भाषाको संरक्षणका लागि ती भाषालाई शिक्षामा प्रयोग गर्न अनिवार्य देखिन्छ। शिक्षा नै प्रयोगको सरल र सशक्त माध्यम हुन सक्छ।

आज विश्वमा कुल ७,१६४ भाषा बोल्ने गरिन्छ *(एथ्नोलग २०२४)*। यी मध्ये दुई तिहाइ भाषा एशिया र प्रशान्त क्षेत्रमा बोलिन्छन्। एशिया र प्रशान्त क्षेत्रका धेरै देशले पाठ्यक्रममा स्थानीय मातृभाषाको प्रयोग गरेको पाइन्छ। अधिकांश बालबालिका आफ्नो मातृभाषा बाहेकको अर्को कुनै भाषा वा विदेशी भाषाबाट अध्ययन गर्न बाध्य छन्। शैक्षिक दृष्टिकोणबाट हेर्ने हो भने निरक्षर, अल्पसङ्ख्यक र शरणार्थी समुदायमा यो अवस्था झनै भयावह छ। आफ्नो मातृभाषाभन्दा फरक भाषामा अध्ययन गर्दा विद्यार्थीका लागि दुई समस्या उत्पन्न हुन्छन्– एक त नयाँ, अपरिचित भाषा सिक्नु पर्छ र अर्को आफ्नो वातावरण भन्दा फरक, नयाँ र अपरिचित ज्ञान सिक्नु पर्छ। परिवेशमा यस्तो परिवर्तनबाट बालबालिकाको संज्ञानात्मक विकासमा नकारात्मक प्रभाव पनि पर्न सक्छ।

बालबालिकालाई विद्यालयमा सिक्न सजिलो होस् भनेर बहुभाषिक समुदायमा सङ्क्रमणीय बहुभाषिक शिक्षा प्रचलनमा रहेको पाइन्छ ।राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन (२०५१) र केही अन्य अध्ययनले सुझावका रूपमा ‘सङ्क्रमणीय बहुभाषिक शिक्षा’को नीति

लागू गर्ने प्रस्ताव गरेको छ। यस नीतिको कार्यान्वयन निम्न तीन चरणमा हुन्छ:

क. चरण १: कक्षाकोठामा पूर्णतया मातृभाषा (पूर्व प्राथमिक कक्षादेखि कक्षा तीनसम्म) मार्फत अध्यापन गर्ने ।

ख. चरण २: बच्चालाई आफ्नो मातृभाषामा खेल्ने/लेख्ने सिप विकास गर्न र अर्को भाषा (नेपाली) (कक्षा चारदेखि कक्षा आठसम्म) सँग परिचित गराउन एउटा विषयको रूपमा सिकाउने; र

ग. चरण ३: नेपाली भाषामा बोल्न र साक्षर हुन सिकाउने र अङ्ग्रेजी माध्यम (कक्षा नौदेखि कक्षा १२ सम्म) को रूपमा सुरु गर्ने।

विद्यालयमा शिक्षणको माध्यम भाषा मातृभाषा भएमा बालबालिकाले निम्न उपलब्धि हासिल गर्न सक्छन् - बुझ्न र सिक्न सजिलो, छिटो संज्ञानात्मक र बौद्धिक विकास, उच्च शैक्षिक सफलता दर, नयाँ भाषा सिक्न सजिलो, तथा अतिरिक्त लाभका रूपमा मातृभाषाको विकास र संरक्षण।

नेपाली भाषा सिकेर सरकारी जागिर प्राप्त गर्न, सरकारी कामकाज, सूचना सम्प्रेषणमा र राष्ट्रिय स्तरमा सहज सम्पर्क र पहुँच हुन सक्छ।

विश्वका अधिकांश देशहरूमा प्राविधिक शब्दावली अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ। आर्थिक, राजनीतिक, शैक्षिक तथा अन्य कारणले अन्तर्राष्ट्रिय बसाइँसराइ तीव्र गतिमा बढिरहेको छ। यस्तो अवस्थामा विभिन्न भाषा बोल्नेहरू माऊ सम्पर्क स्थापित गर्न र विश्वव्यापी अन्तरक्रियालाई सहज तुल्याउन अङ्ग्रेजी भाषाको ज्ञान आवश्यक भएको छ। विभिन्न विधामा जानकारी प्राप्त गर्नका लागि पुस्तकालयमा उपलब्ध पुस्तक, पत्रिका आदि मूलतः अङ्ग्रेजी माध्यममा पाइन्छन्।

अर्थात् अङ्ग्रेजी भाषालाई 'पुस्तकालयको भाषा' (library language) भनिन्छ। जनवरी २०२४ सम्म वेबसाइटहरूमा प्रयोग गरिएका भाषामध्ये अङ्ग्रेजी सबैभन्दा सामान्य भाषा (५२.१% भन्दा बढी) हो। यही भाषाका आधारमा अङ्ग्रेजी भाषाले विश्वमा सबैभन्दा बढी इन्टरनेट प्रयोगकर्ता पाएको छ। यसको अर्थ के हो भने अङ्ग्रेजीमा निपुण व्यक्तिहरूले मात्र वेबसाइटमा उपलब्ध पाठ्यपुस्तक बुझ्न सक्दछन्।

विभिन्न सङ्कटग्रस्त भाषाहरूको सम्भाव्यतालाई दृष्टिगत गरी तिनको प्रयोग शिक्षा लगायत सञ्चार, प्रशासन, साहित्य आदि क्षेत्रमा क्रमशः बढाउँदै जानु आवश्यक देखिन्छ। तर तिनको संरक्षण र सम्वर्द्धनको सर्वाधिक जिम्मेवारी सम्बन्धित भाषिक समुदायमा निहित हुन्छ। नेपालमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाबारे तथ्यगत जानकारी यी दुई अनुसन्धानमूलक पुस्तकमा समेटिएको छ-

Seel, Amanda; Yadava, Yogendra P. and Kadel, Sadanand. 2017. *Medium of Instruction and Languages for Education (MILE): Ways forward for Education Policy, Planning and Practice in Nepal,* Kathmandu: USAID, DFID, TVN and DoE.

Yadava, Yogendra P. and Awasthi, Lava Deo. 2020. *Perspectives on Mother Tongue-Based Multilingual Education in Nepal,* Kathmandu: Nepal Academy.

अन्तमा, नेपालका भाषाहरूको क्षेत्रमा अध्ययन-अनुसन्धानका लागि जगदम्बा-श्रीबाट सम्मानित गरेकोमा मदन पुरस्कार गुठीप्रति पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्छु।

## २०८० सालको मदन पुरस्कार प्राप्त कृति *मुकाम रणमैदान*का लेखक श्री मोहन मैनालीज्यूको मन्तव्य

मदन पुरस्कार गुठीका अध्यक्षज्यू, सदस्यज्यूहरू, यस समारोहमा विद्वद्प्रवचन दिनुहुने प्रा.डा. कटक मल्लज्यू, जगदम्बा-श्री पुरस्कारबाट सम्मानित प्रा.डा. योगेन्द्र प्रसाद यादवज्यू र यस भव्य समारोहमा उपस्थित मान्यजन।

सबैभन्दा पहिले म जगदम्बा-श्री पुरस्कारद्वारा सम्मानित हुनुभएकोमा प्रा.डा. योगेन्द्र प्रसाद यादवज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछु। मेरो किताब 'मुकाम रणमैदानः नेपाल-अंग्रेज युद्धको बखान' मदन पुरस्कारबाट सम्मानित भएकोमा मदन पुरस्कार गुठी र यसका सदस्यहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

वास्तवमा, आजभोलि तेह्रथुम र ताप्लेजुङ जिल्लामा पर्ने, म जन्मेहुर्केको ठाउँ आठराईले यसअघि नै तीन पटक मदन पुरस्कार पाइसकेको छ। मदन पुरस्कार गुठीको रेकर्डमा यसअघि २०७७ सालमा मेरै गाउँका भगिराज इङ्नामले पाउनु भएको बाहेक मेरो ठाउँले पाएका अरू दुईवटा पुरस्कारको रेकर्ड छैन। त्यसको कारण के हो भने ती अलि फरक अवतारमा थिएः मदन धारा र मदन मेलाका अवतारमा।

अघि, धेरै वर्षअघि, २०१५ सालभन्दा अघि आठराईको सङ्क्रान्ति बजारमा पानीको हाहाकार थियो। त्यहाँका बासिन्दा, मूलबाटोका बटुवा र हटारू सधैँभरि तिर्खाएका हुन्थे। २०१५ सालमा रानी जगदम्बाले त्यहाँ मदन धारा नामका तीनवटा धारा बनाई दिनुभयो। तिनले त्यहाँका बासिन्दा अनि म सहितका बटुवा र हटारूको जुग जुगको तिर्खा मेटाइदिए।

पानीको तिर्खा मेटाइदिने भन्दा ठूलो पुरस्कार अर्को के हुन सक्छ र!

मदन धाराकै मेलोमेसोमा त्यही वर्षदेखि सङ्क्रान्ति बजारमा मेला लाग्न थाल्यो। त्यो मेला त्यस भेगको 'ओलम्पिक गेम' हो, त्यहाँका विभिन्न संस्कृतिका लागि विश्व सांस्कृतिक मञ्च हो र अर्थतन्त्रका लागि वृहत् मेला हो। त्यसको नाम हो- मदन मेला। अर्थात् मेलाको अवतारमा मदन पुरस्कार!

म जन्मेहुर्केको ठाउँले मदन मात्र होइन, जगदम्बा-श्री पुरस्कार पनि पाइसकेको छ। सङ्क्रान्ति बजारमै खुलेको जगदम्बा दातव्य औषधालय। त्यहाँका बराल कम्पाउन्डरले मलाई शिवाजल गोली दिएको आज पनि सम्झन्छु। त्यस यता धेरै कुरा फेरिइसके, कम्पाउन्डर पद गायब भयो, मान्छेलाई दिने औषधिको सूचीबाट शिवाजल हरायो। औषधि विज्ञानबाट गोली शब्द गुम भयो।

स्वास्थ्य संस्थाको खडेरी परेको त्यो जुगमा मानिसका रोग निःशुल्क निको पारिदिने जगदम्बा दातव्य औषधालय हाम्रो ठाउँले पाएको पुरस्कारै त हो नि! बाँच्न सहयोग गर्ने पुरस्कारभन्दा अर्को ठूलो पुरस्कार कतै सुनिएको छैन।

ताप्लेजुङका सबै ठाउँका अनि तेह्रथुम र पाँचथरका पूर्वी भेगका धेरै मानिस ६/७ दिन लगाएर सबैभन्दा नजिकको बसस्टप धरान झर्दा बाटोमा भेटिने एउटा ठाउँको नाम थियो कर्कले। त्यहाँको चल्तिको ठाउँ हो- रानीको चौतारो। जगदम्बा रानीको चौतारो। तल झरिरहेका मानिसलाई त त्यस चौताराको दरकार थिएन। उकालो उक्लने, उँभो जान खोज्ने जो कोही यस चौतारोमा भारी बिसाउँथे, पसिना पुछ्थे, शीतल ताप्थे, थकाइ

मेट्थे, भोक लागेको भए आफूले पिठ्यूँमा बोकेर ल्याएको खानेकुरा खान्थे, बास बस्ने बेला भएको भए बास बस्थे।

गह्रुङ्गो भारी बोकेर पसिना काढ्दै उकालो हिँडेका वेला केही बेर भारी बिसाएर विश्राम गर्ने, अहिलेसम्म हिँडेर आएको बाटो हेर्ने, अब हिँड्नु पर्ने बाटोबारे गम्ने अनि अलिकति तागत र हिम्मत सञ्चय गरेर उकालोतिरको थप यात्रा पुनः थाल्ने सुविधा दिने चौतारो जगदम्बा-श्री पुरस्कारै त हो नि!

यी सबै पुरस्कार जुटाउने केही महात्माहरूको नाम मैले यहाँ लिनैपर्छ। उहाँहरू हुनुहुन्छ: त्यहाँका समस्याबारे आफ्ना साथीहरूसँग कुरा गर्ने आठराई घर भएका तथ्याङ्क विभागका जागिरे भानुभक्त सिटौला, उहाँका कुरा सुनेर यो कुरा रानी जगदम्बासम्म पुऱ्याउने व्यवस्था मिलाइदिने तथ्याङ्क विभागका अर्का कर्मचारी सत्यमोहन जोशी, यी सबै कामका लागि खर्च बेहोरिदिने रानी जगदम्बा अनि यी कामको तार्तम्य मिलाइदिने कमलमणि दीक्षित। उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली!

मैले यो किताब लेखेका वेलामा भारतमा एउटा फिल्म बन्दै थियो: 'साम बहादुर', जुन निकै लोकप्रिय भयो। भारतका पहिलेका सेनाप्रमुख साम होर्मुसजी फ्रामजी जम्शेदजी मनिक्श्अ (सन् १९१४-२००८) को जीवनीमा आधारित। फारसी अथवा तुर्केली मूलको शब्द 'बहादुर' हिन्दुस्तानमा अनौठो होइन। अन्तिम मुगल बादशाह तथा ख्याति प्राप्त गजल 'बात करनी मुझे मुश्किल कभी ऐसी तो न थी' का रचनाकारको नाम बहादुर शाह जफर हो। तर पार्सी मूलका सामको नाममा 'बहादुर' शब्द जोडिनु अनौठो कुरा हो।

सामले 'बहादुर' उपाधि उनको कमान्डमा रहेको आठौँ गोर्खा राइफल्सका सेन्ट्री हर्कबहादुर गुरुङबाट पाएका थिए जसलाई सामले गर्वका साथ आफ्नो नामसँग जोडिराखे।[१]

१८७१-७२ सालमा नेपाल र इस्ट इन्डिया कम्पनीबीच लडाइँ नभएको भए हर्कबहादुर गुरुङले आफ्ना कमान्डर सामलाई 'बहादुर' उपाधि दिने अवसर पाउँदैनथे।

सन् १९६२ को चीन-भारत लडाइँको कुनै समयमा साम भारतीय सेनाको कमान्ड गर्न आसामको तेजपुर गएका थिए। त्यहाँ परिवार लान मिल्दैनथ्यो। त्यसैले जाने वेलामा सामले आफ्नी श्रीमतीलाई यो कुरा बताएर 'तिमी घरै बस' भनेका थिए।

धेरै नेपाली युवा पनि यो लडाइँमा गएका थिए। उनीहरूले आफ्ना परिवार र दौँतरीलाई गीतको भाखामा सन्देश दिएका थिए:

लडाइँ छ धुमधाम नेफा[२]मा जानु छ मैले धावामा
पुगेर चिठी लेखौँला, नमरी बाँचे भेटौँला।

सामको कमान्डमा लड्ने धेरै नेपालीको 'नमरी बाँचे भेट्ने' अभिलाषा पुरा भएन। उनीहरूको सम्झनामा पूर्वी पहाडका आफन्त र साथीले यो विरह गीत पछिसम्म पनि गाउँथे।

१८७१-७२ सालमा नेपाल र अंग्रेजबीच लडाइँ नभएको भए र त्यस लडाइँका वेला अंग्रेजले नसिरी अर्थात् मित्र पल्टन खडा गरी त्यसमा

---

[१] In War and Peace: The Life of Field Marshal Sam Manekshaw, MC, A film by Jessica Gupta, Unesco Parzon Project, https://www.youtube.com/watch?v=fmV0AlnVw34

[२] North East Frontier Agency, हालको उत्तरपूर्वी भारतको केही भाग ।

नेपालीलाई भर्ती गर्न नथालेको भए नेपाली बहादुरहरूले सामबहादुरहरूको कमान्डमा एउटा छिमेकीको पक्षमा लागेर अर्का छिमेकीको विपक्षमा लड्नु पर्दैनथ्यो। विश्वका धेरै ठाउँमा लडाइँ हुँदा नेपाली गाउँहरूले आफ्ना दिवङ्गत युवाहरूको शोकमा विरह गीत गाउनु पर्दैनथ्यो।

लाहुरेहरूको घना बस्ती भएका गाउँलाई काखमा बोकेको मध्य नेपालको नीलगिरि हिमालको सिधा २१०० किलोमिटर दक्षिणमा पर्ने भारतको तमिलनाडुमा नीलगिरि पहाड छ। साम बहादुरको घर त्यही पहाडमा थियो। त्यस घरमा ढाका टोपी लगाएका बहादुर अर्दलीले सामबहादुरको सेवा गर्ने गर्थे। उनीहरूबीच त्यहाँ नेपाली भाषामा कुराकानी हुन्थ्यो:

अर्दली: साब!<br>
सामबहादुर: के भयो?<br>
अर्दलीः अर्को चिया बनाऊँ?<br>
सामबहादुरः ना, खान्नँ। लैजा। लैजा।<br>
यसपछि अर्दलीले खाइसकेको चियाका कप टेबलबाट लैजान्थे।<br>
१८७१-७२ सालमा नेपाल र अंग्रेजबीच लडाइँ नभएको भए त्यसको ऱण्डै २०० वर्षपछि भारतीय सेनाका फिल्ड मार्शल सामबहादुर र उनका नेपाली अर्दलीबीच यस्तो सम्बन्ध हुँदैनथ्यो। सामबहादुरको घरमा नेपाली वातावरण तयार हुँदैनथ्यो।

त्यसैले त भन्ने गरिन्छ- इतिहास भूतकाल हैन, वर्तमान र भविष्यत् काल हो।

'मुकाम रणमैदानः नेपाल-अंग्रेज युद्धको बखान'मार्फत् मैले त्यही युद्धका २६ वटा पर्व सुनाएको छु। नेपालको वर्तमान अवस्थालाई धेरै किसिमले

डोहोऱ्याइरहेको २१० वर्षजति अघिको त्यस लडाइँबारे सिपाहीहरूले त्यतिवेलै हालेका सत्य कथाको पुनर्कथन गरेको छु।

यो किताब निकालेको जस मलाई मात्र होइन मस्यौदा पढेर सरसल्लाह दिएकोमा साथीहरू हस्त गुरुङ र दीपक थापा, सम्पादन गरिदिएकोमा शरच्चन्द्र वस्ती, आवरण बनाइदिएकोमा सचिन यगोल श्रेष्ठ, नक्शा बनाइदिएकोमा अरुण मैनाली, ले-आउट गरिदिएकोमा उमेश काफ्ले, हिज्जे मिलाइदिएकोमा धातृ सुवेदी र प्रकाशनको सारा भार उठाइदिएकोमा भूपेन्द्र खड्कालाई पनि जान्छ।

२०३७ साल फागुनमा मैले रानीको चौतारोमा अन्तिम पटक विश्राम गरेको थिएँ। त्यतिवेला म आफ्नो घरबाट संसारतिर लम्कन नभई नहुने नागरिकताको प्रमाणपत्र बनाएर घर फर्कँदा अरू वेलाभन्दा अलि फरक बाटो हिँडेर त्यहाँ पुगेको थिएँ। त्यसको ४४ वर्षपछि गरिमामय मदन पुरस्कारको चौतारोमा विश्राम गर्ने अवसर पाएको छु। यो अवसर प्रदान गरिदिनुभएकोमा मदन पुरस्कार गुठी र यसका सदस्यज्यूहरूप्रति फेरि एक पटक हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद
मोहन मैनाली

इति सम्वत् २०८० साल असोज १७ गते रोज ५, चलिचलाउ मुकाम पाटनढोका, ललितपुर शुभम् ... ...

## उपाध्यक्ष कल्पना पराजुलीज्यूका तर्फबाट धन्यवाद ज्ञापन

गुठीका अध्यक्षज्यू, प्रा.डा. कटक मल्लज्यू, जगदम्बा-श्रीबाट सम्मानित प्रा.डा. योगेन्द्र प्रसाद यादवज्यू, मदन पुरस्कारबाट सम्मानित 'मुकाम रणमैदान' का स्रष्टा मोहन मैनालीज्यू र आदरणीय भद्र महिला तथा सज्जन वृन्द।

भाषा, साहित्य, संस्कृतिलाई माया गर्ने सबैप्रति हार्दिक आभार। यहाँ उपस्थित भएर हाम्रो हौसला बढाइदिनु हुने सबैलाई हार्दिक धन्यवाद।

आदरणीय मल्लज्यू, पृथ्वी, जीव र वातावरणसँग जोडिएका कानूनी तथा मानवीय पक्षको चर्चा गर्दै हाम्रा प्रयास र कमजोरीका विषयमा सचेत गराउनु भएकोमा हामी कृतज्ञ छौँ।

आदरणीय योगेन्द्र प्रसाद यादवज्यू, भाषा विज्ञान क्षेत्रको प्राज्ञिक विकास र विस्तारमा यहाँको योगदानबाट नेपाली समाजले धेरै कुरा पाएको छ। भाषाको संरक्षण, अभिलेखीकरणले हामीलाई नेपालको विविधता बुझ्ने मौका मिलेको छ। समग्र नेपाली समाजलाई जोड्ने र चिनाउने सेतुका रूपमा सक्रिय यहाँलाई सम्मानित गर्न पाएकोमा हामी हर्षित छौँ। यहाँलाई धेरै धेरै धन्यवाद।

आदरणीय मोहन मैनालीज्यू, मुकाम रणमैदान पुस्तकले हामीलाई २०० वर्ष पुरानो भूगोल, समय, पात्र र हाम्रा पुर्खाहरूसँग भेट गराएको छ। नेपाली समाजले भोगेको त्यो भयावह समयलाई हामीले सरल भाषामा बुझ्ने मौका पाएका छौँ। यदि हाम्रो वर्तमान समय सहज बनेको छ भने

त्यो सहजता त्यसै सम्भव भएको होइन भन्ने महसुस गराइदिनु भएकोमा यहाँलाई धेरै धेरै धन्यवाद। हार्दिक बधाई।

मदन पुरस्कार गुठी अन्तर्गत कलकत्तामा चिकित्सा शिक्षाका लागि यस वर्ष समीर खान र रोश्नी कार्की छनौट हुनुभएको छ। उहाँहरू दुवैलाई बधाई र शुभकामना।

अन्त्यमा,

रातो बङ्गला स्कूल, मदन पुरस्कार गुठी, पुस्तकालय र समारोह आयोजनाका लागि सहयोग गर्नुहुने सबैमा आभार। धन्यवाद।

यस समारोहमा यहाँ पाल्नुहुने सम्पूर्ण महानुभाव, समारोहलाई घर-घर पुऱ्याइदिनु हुने पत्रकार मित्र, आजको यस समारोहसम्म आइपुग्दा प्रत्यक्ष-अप्रत्यक्ष सल्लाह-सुझाव दिनुहुने शुभचिन्तक तथा गुठीका सम्पूर्ण सदस्यलाई धन्यवाद।

यहाँहरू सबैको जय होस्।

## मदन पुरस्कार गुठीबारे

मदन पुरस्कार स्थापना हुने घोषणा सर्वप्रथम २०१२ साल असोज १० गते भएको थियो।

२०१२ साल मङ्सिर २८ गतेका दिन मदन पुरस्कार गुठीको दानपत्रमा सहिछाप भयो। त्यसपछि पुस १ गतेका दिन ल.पु. पोता रजिस्ट्रेसन अड्डा मार्फत सो कागत रजिस्ट्रेसन पास भएको हो।

पछि संस्था रजिस्ट्रेसन ऐन, २०१६ बमोजिम २०२० साल कार्तिक ३ गते ललितपुर म्याजिस्ट्रेट अफिस मार्फत यो दर्ता भएको छ र ल.पु. जिल्ला कार्यालयबाट पुनर्नवीकरण हुँदै आएको छ।

२०२५ सालसम्म गुठीले चार–चार हजारका जम्मा चार ओटा पुरस्कार प्रत्येक वर्ष दिन सक्ने व्यवस्था थियो। त्यसपछि दश–दश हजार रूपियाँका दुई ओटा पुरस्कार दिने व्यवस्था भयो। अनि २०३३ सालदेखि एउटा मात्र पच्चीस हजारको, २०४० सालदेखि तीस हजारको, २०४२ सालदेखि चालीस हजारको र २०४३ सालदेखि पुरस्कार पचास हजारको भयो। त्यसपछि २०५१ सालदेखि पुरस्कार १ लाखको दिने गरी नियममा संशोधन गरिएको हो। २०६१ सालको पुरस्कार राशी २ लाख रूपियाँको थियो भने २०७५ सालबाट पुरस्कार राशी ४ लाख रूपियाँ भएको छ।

मदन पुरस्कार सम्बन्धी कार्यप्रणालीमा "एकपटक मदन पुरस्कार पाइसकेका व्यक्तिलाई साधारणतः अर्कोपटक पुरस्कार दिइने छैन" भन्ने धारा थपिएको छ।

# सम्वत् २०१३ देखि मदन पुरस्कारबाट सम्मानित स्रष्टाहरूको सूची*

(१) २०१३

गद्य–* 'हाम्रो लोक संस्कृति' श्री सत्यमोहन जोशी

सामाजिक शास्त्र– 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' श्री चित्तरञ्जन नेपाली

विज्ञान– *'अधिकविभव स्थिरविद्युत् उत्पादक' डा. बलराम जोशी

(२) २०१४

गद्य– *'मन' श्री लीलाध्वज थापा

विज्ञान– *'मृत्तिका उद्योग' श्री करूणाकर वैद्य

(३) २०१५

गद्य– 'कवि व्यथित र काव्यसाधना' श्री कृष्णचन्द्रसिंह प्रधान

विज्ञान– *'उद्यान' श्री गंगाविक्रम सिजापति

(४) २०१६

गद्य– *'महाकवि देवकोटा' श्री नित्यराज पाण्डे

(५) २०१७

पद्य– *'विस्फोट' श्री भीमनिधि तिवारी

सामाजिक शास्त्र– *'नेपाली राष्ट्रिय मुद्रा' श्री सत्यमोहन जोशी

---

* अमुद्रित अवस्थामा पुरस्कृत।

(६) २०१८

गद्य– *‘नयाँ सडकको गीत’ श्री रमेश ‘विकल’

(७) २०१९

पद्य– *‘आमाको सपना’ श्री गोपालप्रसाद रिमाल

(८) २०२०

पद्य– ‘नैषधीय चरित’ अनु. श्री कोमलनाथ अधिकारी

सामाजिक शास्त्र – ‘जोसमनी सन्त परम्परा र साहित्य’ श्री जनकलाल शर्मा

(९) २०२१

गद्य– ‘नेपाली भाषा र साहित्य’ श्री बालकृष्ण पोखरेल

पद्य– ‘प्राकृत पोखरा’ श्री मुकुन्दशरण उपाध्याय

सामाजिक शास्त्र– ‘प्राचीन हिन्दु अर्थशास्त्र’ श्री नवराज चालिसे

विज्ञान– *‘वस्त्र–निर्माणकला’ श्री लक्ष्मीबहादुर श्रेष्ठ

(१०) २०२२

गद्य– ‘शिरीषको फूल’ श्री पारिजात

(११) २०२३

गद्य– ‘स्रष्टा र साहित्य’ श्री उत्तम कुँवर

पद्य– ‘मानव महाकाव्य’ श्री मोदनाथ ‘प्रश्रित’

(१२) २०२४

गद्य– ‘एब्स्ट्र्याक्ट चिन्तन प्याज’ श्री शंकर लामिछाने

सा. शास्त्र– ‘नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास’

श्री ग्रीष्मबहादुर देवकोटा

(१३) २०२५

गद्य– ‘टिपन–टापन’ श्री पारसमणि प्रधान

पद्य– ‘मङ्गली कुसुम’ श्री धर्मराज थापा

(१४) २०२६

साहित्य– ‘बेलाइततिर बरालिंदा’ श्री ताना सर्मा

(१५) २०२७

दर्शन-विज्ञान– ‘नेपाली निर्वचनको रूपरेखा’ श्री महानन्द सापकोटा

(१६) २०२८

दर्शन-विज्ञान – ‘कर्णाली लोक संस्कृति’

संयुक्त रूपमा– श्री सत्यमोहन जोशी, श्री स्थिरजङ्गबहादुर सिंह, श्री विहारीकृष्ण श्रेष्ठ, श्री चूडामणि ‘बन्धु’ र श्री प्रदीप रिमाल

(१७) २०२९

साहित्य – ‘आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्’

श्री ईश्वरवल्लभ

(१८) २०३०

दर्शन-विज्ञान – ‘लिच्छविकालका अभिलेख’ श्री धनवज्र वज्राचार्य

(१९) २०३१ (कसैलाई पनि प्रदान गरिएन।)

(२०) २०३२

साहित्य – 'आगत' श्री भवानी भिक्षु

(२१) २०३३ (कसैलाई पनि प्रदान गरिएन।)

(२२) २०३४

'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'

डा. वासुदेव त्रिपाठी

(२३) २०३५

'घामका पाइलाहरू' श्री ध.च. गोतामे

(२४) २०३६

'नेपालका परम्परागत प्रविधि'

डा. छविलाल गजुरेल र
श्री करूणाकार वैद्य

(२५) २०३७

'नरसिंह अवतार' श्री जगदीशशमशेर राणा

(२६) २०३८

'नदी किनाराका माझी' श्री मोहन कोइराला

(२७) २०३९

'माधवी' श्री मदनमणि दीक्षित

(२८) २०४०

‘अलिखित’ श्री ध्रुवचन्द्र गौतम

(२९) २०४१

‘प्रत्यागमन’ श्री कञ्चन पुडासैनी

(३०) २०४२

‘वैकुण्ठ एक्सप्रेस’ श्री मोहनराज शर्मा

(३१) २०४३

‘लिच्छवि संवत्‌को निर्णय’ श्री नयराज पन्त

(३२) २०४४

‘उत्सर्ग प्रेम’ श्री राजेश्वर देवकोटा

(३३) २०४५

‘ज्योति, ज्योति, महाज्योति’ श्री दौलतविक्रम विष्ट

(३४) २०४६

‘नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्‌को भूमिका’ श्री राजेश गौतम

(३५) २०४७

‘मृत्युञ्जय महाकाव्य’ श्री भानुभक्त पोखरेल

(३६) २०४८

‘पागलबस्ती’ श्री सरूभक्त

(३७) २०४९
'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)'
श्री भवेश्वर पंगेनी

(३८) २०५०
'माध्यमिक नेपाली गद्याख्यान' श्री शरदचन्द्र शर्मा भट्टराई

(३९) २०५१
'सही शब्द' फादर विलियम बर्क

(४०) २०५२
'योजनगन्धा' श्री विनोदप्रसाद धिताल

(४१) २०५३
'नेपाली राष्ट्रिय रुण्डा' श्री दयाराम श्रेष्ठ

(४२) २०५४
'विसर्जन' श्री लोकेन्द्रबहादुर चन्द

(४३) २०५५
'दुःखान्त नाटकको सृजना परम्परा' डा. केशवप्रसाद उपाध्याय

(४४) २०५६
'अतिरिक्त अभिलेख' श्री दिनेश अधिकारी

(४५) २०५७

‘नेपालको सिमाना’ — श्री बुद्धिनारायण श्रेष्ठ

(४६) २०५८

‘अभिनव संस्कृति कोष’ — श्री हरिराम जोशी

(४७) २०५९

‘नेपाली कानूनको ऐतिहासिक रूपरेखा’ — श्री रेवतीरमण खनाल

(४८) २०६०

‘नयाँ ईश्वरको घोषणा’ — श्री गोपाल पराजुली

(४९) २०६१

‘पल्पसा क्याफे’ — श्री नारायण वाग्ले

(५०) २०६२

‘राधा’ — श्री कृष्ण धरावासी

(५१) २०६३

‘छापामारको छोरो’ — श्री महेशविक्रम शाह

(५२) २०६४

‘अन्तर्मनको यात्रा’ — श्री जगदीश घिमिरे

(५३) २०६५

‘एक हातको ताली’ — श्री युवराज नयाँघरे

(५४) २०६६
‘नेपालका बालीनाली र तिनको दिगो खेती’ श्री नरबहादुर साउद

(५५) २०६७
‘जीवन काँडा कि फूल’ श्री ऋमक घिमिरे

(५६) २०६८
‘सेतो धरती’ श्री अमर न्यौपाने

(५७) २०६९
‘दमिनी भीर’ श्री राजन मुकारूङ

(५८) २०७०
‘खलंगामा हमला’ श्री राधा पौडेल

(५९) २०७१
‘खुसी’ श्री विजय कुमार

(६०) २०७२
‘ऐना’ श्री रामलाल जोशी

(६१) २०७३
‘धृतराष्ट्र’ श्री घनश्याम कँडेल

(६२) २०७४
‘योगमाया’ श्री नीलम कार्की निहारिका

(६३) २०७५

'रणहार' श्री योगेश राज

(६४) २०७६

‘महारानी’ श्री चन्द्रप्रकाश बानियाँ

(६४) २०७७

‘लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह (सम्वत् १७१९-२०२० वा सन् १६६२ - १९६३)’ श्री भगिराज इङ्नाम

(६४) २०७८

‘अग्नि’ डा. नवराज लम्साल

(६५) २०७९

‘ऐँठन’ श्री विवेक ओझा

(६६) २०८०

मुकाम रणमैदान : नेपाल-अंग्रेज युद्धको बखान

श्री मोहन मैनाली

७. कुनै साल पुरस्कार वितरण हुन नसकेमा त्यसको रकमबाट विद्वद्वृत्ति दिने पनि नियम छ। आजसम्म चार जनालाई मदन पुरस्कार विद्वद्वृत्ति प्रदान गरिएको छ –

१. श्री चूडामणि बन्धु – २०२०

२. श्री राममणि रिसाल – २०२३/२४

३. श्री कोमलप्रसाद सुवेदी –   २०२५
४. श्री जयराज आचार्य–        २०३५/३६

८. विसं २०१६ सालदेखि २०७३ सम्म श्री कमलमणि दीक्षितको सम्पादन/ संरक्षणमा गुठीको मुखपत्र 'नेपाली त्रैमासिक' प्रकाशित भएकोमा विसं २०८० सालदेखि वार्षिक रूपमा यसको प्रकाशन हुन थालेको छ।

९. प्रत्येक वर्ष कलकत्तामा डाक्टरी पढ्न जाने दुई विद्यार्थीको छनोट गर्ने काम पनि गुठीले सम्वत् २०१३–१४ सालदेखि गर्दै आएको छ।

१०. २०४५ सालमा गुठीले छुट्टै पुरस्कार 'जगदम्बा–श्री'को पनि स्थापना गरेको छ।

११. २०६१ साल मङ्सिर २८ गते प्रारम्भ गरेर २०६२ साल मङ्सिर २७ गतेसम्म गुठीको स्वर्णवर्ष विभिन्न कार्यक्रम गरी मनाइयो।

## पुरस्कार जगदम्बा-श्री : सामान्य जानकारी

१. आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले गुठीले यो पुरस्कार, जगदम्बा–श्री स्थापना गरेको हो।

२. गुठीको साधारण सभाद्वारा स्व. रानी जगदम्बाको पैंतालीस दिनको अवसरमा मिति २०४५/६/१/२ का दिन यो पुरस्कार विधिवत् स्थापना भएको हो।

३. यो पुरस्कार मदन पुरस्कार सरह अर्थात् (हाललाई) रू. ४,००,०००।–को छ।

४. यो पुरस्कार कसरी, कसलाई, कुन प्रक्रियाले दिनु उचित हुन्छ भनी नेपाली बुद्धिजीवीहरूलाई पत्रपत्रिका र नेपाल टेलिभिजनबाट पनि आह्वान गरी सुझाव मागिएको थियो र ती सबै प्राप्त राय सुझावहरूको यथोचित कदर गर्दै गुठीले छलफल गरी मिति २०४५।१२।३०।४ का दिन 'जगदम्बा–श्री' सम्बन्धी नियमहरू पारित गर्‍यो। यी नियमहरूको मसौदा गर्ने काम पनि, 'मदन पुरस्कार' स्थापना हुँदा सम्वत् २०१२ सालमा गुठीको दानपत्र–नियमावलीहरू सबै तर्जुमा गर्ने, श्री शम्भुप्रसाद ज्ञवालीद्वारा नै भएको हो।

५. 'जगदम्बा–श्री' वितरण गर्नेबारेको कार्य–प्रणाली मदन पुरस्कार गुठीको नियमावलीको परिच्छेद ५–क अन्तर्गत नियम ३६ को उप–नियम (क) देखि (ज) सम्ममा परेका छन्। त्यस बाहेक मदन पुरस्कार गुठीको

ज्ञापनपत्रको दफा २ (उद्देश्य) अन्तर्गत पनि निम्नअनुसार एउटा उपदफा थपिएको छः–

“श्रव्य, दृश्य वा अरू किसिमका कृतित्त्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा सांस्कृतिक माध्यमबाट नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट वर्षैवर्ष छनोट गरी सम्मानयोग्य ठहरिएका व्यक्तिलाई मदन पुरस्कार संस्थापिका स्व. श्री रानी जगदम्बाकुमारी देवीको स्मृतिमा ‘जगदम्बा–श्री’ नामले मदन पुरस्कार सरहको अर्को पुरस्कार प्रदान गर्ने।”

६. जगदम्बा–श्री पुरस्कारका लागि नेपाली भाषाको सेवालाई नै एक मात्र आधार मानिएको छ। वर्ण, लिङ्ग, धर्म, जात वा जातीयताको कुनै बन्धन वा विशेष ग्राह्यता यसमा रहँदैन। मरणोपरान्त जगदम्बा–श्री पुरस्कार साधारणतया प्रदान गरिंदैन। प्रत्येक वर्ष गठन गरिने छनौट समितिले सङ्कलन गरेका नामावलीबाट छानी एकमतले सिफारिस गरेको व्यक्तिलाई यो पुरस्कार दिइन्छ।

## पुरस्कार जगदम्बा–श्री विवरण

१. सम्वत् २०४५ को पुरस्कार श्री नारायणगोपाललाई ‘‘तीन दशकभन्दा बढी समयदेखि सङ्गीतको माध्यमबाट नेपाली भाषाका गीतहरूलाई देश तथा विदेशमा समेत लोकप्रिय बनाउनमा उल्लेखनीय योगदान गरे बापत।’’

२. सम्वत् २०४६ को पुरस्कार मह–जोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई ‘‘श्रव्य-दृश्य प्रहसनका माध्यमबाट नेपाली भाषालाई देश विदेशमा लोकप्रिय बनाउन प्रशंसनीय कार्य गरे बापत।’’

३. सम्वत् २०४७ को पुरस्कार सिक्किमका श्री नरबहादुर भण्डारीलाई ‘‘नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरे बापत।’’

४. सम्वत् २०४८ सालको पुरस्कार कवि केदारमान व्यथितलाई ‘‘उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाए बापत।’’

५. सम्वत् २०४९ को पुरस्कार नेपाली साहित्य सम्मेलन दार्जीलिङलाई ‘‘स्थापनाकाल विक्रम सम्वत् १९९१ देखि नै नेपाली भाषा र साहित्यको

संरक्षण, प्रवर्द्धन र श्रीवृद्धिका निमित्त अनवरत क्रियाशील रही असाधारण संस्थागत योगदान गरे बापत।"

६. सम्वत् २०५० को पुरस्कार श्रीमती तारादेवीलाई "गत चारदशकदेखिको अथक साधनाद्वारा गायन कलामा उत्कृष्टता हासिल गरी नेपाली भाषालाई स्वदेशभित्र र बाहिर समेत सङ्गीतको मधुरिमाद्वारा लोकप्रिय बनाई नेपाली वाङ्मयको श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गरिरहे बापत।"

७. सम्वत् २०५१ को पुरस्कार श्री इन्द्रबहादुर राईलाई "विगत ४५ वर्षदेखि नेपाली साहित्य साधनामा निरन्तर संलग्न रही कथा, उपन्यास, निबन्ध र समालोचना आदि विविध विधामा नवीन प्रवृत्तिका उत्कृष्ट रचनाहरूद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति अति विशिष्ट योगदान गरे बापत।"

८. सम्वत् २०५२ को पुरस्कार कोहिमा, नागाल्याण्ड, भारतका श्री हरिप्रसाद 'गोर्खा' राईलाई "विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संवर्द्धनका निमित्त विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरिरहे बापत।"

९. सम्वत् २०५३ को पुरस्कार मोगोक, म्यान्मारका श्री ठाकुरप्रसाद गुरागाईंलाई "म्यानमारमा बसोबास गर्ने नेपाली मूलका बर्मेलीहरूका माझमा नेपाली भाषाको प्रचार–प्रसार र संवर्द्धनमा असाधारण योगदान गरी नेपाली भाषालाई जीवित राखेर यसको श्रीवृद्धि गर्नमा समर्पित भए बापत।"

१०. सम्वत् २०५४ को पुरस्कार गायक कलाकार श्री अम्बर गुरुङलाई “विगत चार दशक यता सङ्गीत–साधनामा निरन्तर लगनशील रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गर्न योगदान गरे बापत।”

११. सम्वत् २०५५ को पुरस्कार वरिष्ठ साहित्यकार श्री गोविन्दबहादुर मल्ल “गोठाले”लाई “नेपाली भाषा–साहित्यका विविध विधामा–खास गरेर कथा, नाटक र उपन्यासमा – गत पाँच दशकभन्दा बढी समयदेखि उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।”

१२. सम्वत् २०५६ को पुरस्कार नेपाली शिक्षा परिषद्लाई “भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।”

१३. सम्वत् २०५७ को पुरस्कार जनकविकेशरी श्री धर्मराज थापालाई “श्रव्य–पाठ्य माध्यमबाट आधा शताब्दीभन्दा लामो समय नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा विशिष्ट योगदान गरे बापत।”

१४. सम्वत् २०५८ को पुरस्कार श्री डायमनशमशेर राणालाई “विगत आधा शताब्दिदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरिरहे बापत।”

१५. सम्वत् २०५९ को पुरस्कार श्री कृष्णप्रकाश श्रेष्ठलाई “नेपाली भाषाको सिर्जना, अनुसन्धान तथा प्रचार–प्रसारमा कष्टसाध्य रूपमा संलग्न भई चार दशकअघिदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भइरहे बापत।”

१६. सम्वत् २०६० को पुरस्कार श्री अली मियाँलाई “विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसृजनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहे बापत।”

१७. सम्वत् २०६१ को पुरस्कार श्री फणीन्द्रराज खेतालालाई “आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरत रूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहे बापत।”

१८. सम्वत् २०६२ को पुरस्कार श्री भैरव रिसाललाई “गत आधा शताब्दीदेखि नेपाली छापादेखि विद्युतीय माध्यमसम्म पूर्ण रूपले संलग्न रही नेपाली पत्रकारितालाई सम्वर्द्धन गर्दै नेपाली भाषाको विकासमा अद्यापि उल्लेखनीय योगदान गरे बापत।”

१९. सम्वत् २०६३ को पुरस्कार डा. तीर्थबहादुर श्रेष्ठलाई “नेपालीहरूलाई विज्ञानको ज्ञान गराउने कार्यमा संलग्न भई दशकौँदेखि उत्कृष्टताका साथ नेपाली भाषाको सेवामा निरन्तर लागिरहे बापत।”

२०. सम्वत् २०६४ को पुरस्कार श्री कृष्णप्रसाद पराजुलीलाई "व्याकरण, गीत, कविता, बालसाहित्य तथा संस्कृति लगायत विविध विधामा अनेकानेक ग्रन्थको सिर्जना गरी नेपाली वाङ्मयको अतुलनीय तथा अनवरत भाषासेवा गरिरहे बापत।"

२१. सम्वत् २०६५ को पुरस्कार श्री रामशरण दर्नाललाई "लोकसङ्गीत र बाजाको सङ्कलन, अध्ययन अनुसन्धान तथा लेखनका माध्यमले गत ३ दशकदेखि अनवरत रूपमा कार्यरत रही नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरिरहे बापत।"

२२. सम्वत् २०६६ को पुरस्कार डा. राजेन्द्र विमललाई "गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीहरूलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषामा अनेकानेक ग्रन्थ रचना गरी नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने काम समेत गरिरहे बापत।"

२३. सम्वत् २०६७ को पुरस्कार कवि श्री दुर्गालाल श्रेष्ठलाई "गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्ग्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत।"

२४. सम्वत् २०६८ को पुरस्कार संशोधन मण्डललाई "गत छ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित, व्याकरण र साहित्यका फाँटमा गुरूकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा

प्रचारका लागि ‘पूर्णिमा’ पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत।”

२५. सम्वत् २०६९ को पुरस्कार श्री रत्नशमशेर थापालाई “गत पाँच दशकदेखि नेपाली गीत र कविता लेखनमा निरन्तर लागेर नेपाली भाषाको उन्नयन र श्रीवृद्धिमा उल्लेखनीय योगदान गरिरहे बापत।”

२६. सम्वत् २०७० को पुरस्कार श्री शिव रेग्मीलाई “साहित्यिक पत्रकारिताको अन्वेषण, पत्रपत्रिकाको संकलन, समीक्षा, समालोचना तथा लेखनद्वारा नेपाली भाषाको अविरल रूपमा सेवा गरिरहे बापत।”

२७. सम्वत् २०७१ को पुरस्कार श्रीमती अङ्गूरबाबा जोशीलाई “नेपालमा नारी शिक्षाको प्रचार प्रसार एवं प्रवर्द्धनका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर दीर्घसाधना गरी उल्लेख्य योगदान पुऱ्याइरहे बापत।”

२८. सम्वत् २०७२ को पुरस्कार श्री लीलबहादुर क्षेत्रीलाई “६० वर्षभन्दा लामो समयदेखि नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि निरन्तर समर्पित रहनुभएकाले।”

२९. सम्वत् २०७३ सालको पुरस्कार श्री दुर्गा बराल “वात्स्यायन’लाई 'समसामयिक विषय र विसङ्गतिहरूलाई कार्टुन चित्रमा छोटो र प्रभावकारी भाषिक अभिव्यक्तिको प्रयोग गरी समाजमा सचेतना जगाउँदै निरन्तर नेपाली भाषाको सेवा गरिरहनु भएकाले”।

३०. सम्वत् २०७४ सालको पुरस्कार श्री शान्तदास मानन्धरज्यूलाई "बाल साहित्यको विकास, विस्तार तथा प्रवर्धनमा पाँच दशकदेखि निरन्तर समर्पित रहनु भएकाले"।

३१. सम्वत् २०७५ सालको पुरस्कार श्री बैरागी काइँलाज्यू (तील विक्रम नेम्बाङ) लाई "लिम्बू भाषा तथा मुन्धुम संस्कार र संस्कृतिको अध्ययन-अनुसन्धान तथा अभिलेखन गरी नेपाली वाङ्मयको समृद्धिमा उल्लेखनीय योगदान गर्नु भएकाले"।

३२. सम्वत् २०७६ सालको पुरस्कार श्री शान्ति ठटालज्यूलाई "गत छ (६) दशकदेखि नेपाली गीत-सङ्गीत क्षेत्रमा समर्पित रही गीत-सङ्गीत क्षेत्रको उन्नयनमा विशिष्ट योगदान पुऱ्याउनु भएकाले"।

३३. सम्वत् २०७७ सालको जगदम्बा-श्री सम्मान श्री भैरवबहादुर थापाज्यूलाई "नेपाली नृत्य विधाको अध्ययन-अनुसन्धान गरी सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान मार्फत नृत्यक्षेत्रको उन्नयनमा विशिष्ट योगदान गरेकाले"।

३४. सम्वत् २०७८ सालको जगदम्बा-श्री सम्मान श्री दुर्गाप्रसाद श्रेष्ठज्यूलाई "नेपालको चलचित्र इतिहासको प्रारम्भिक कालमा उल्लेखनीय भूमिका निर्वाह गरेका तथा भारतमा नेपालको पुरानो बनारस विरासत जोगाउन कार्यरत, अन्तर्राष्ट्रिय स्तरमा नेपाली भाषा, साहित्यसेवामा तल्लीन रहेर नेपाली साहित्यिक पत्रिका 'उदय' को आठ

दशकदेखिको प्रकाशनलाई निरन्तरता दिँदै नेपाली वाङ्मयको श्रीवृद्धिमा विशिष्ट योगदान गरे बापत"।

३४. सम्वत् २०७९ सालको जगदम्बा-श्री सम्मान श्री टेकवीर मुखियाज्यूलाई "अक्षरलाई कलाको आवरण मार्फत पाठकसँग जोड्न तथा स्रष्टालाई मुहारचित्र मार्फत साहित्यानुरागीहरू माऱ्ह पुऱ्याउन महत्त्वपूर्ण योगदान दिनुभएकोमा"।

३५. सम्वत् २०८० सालको जगदम्बा-श्री सम्मान प्रा.डा. श्री योगेन्द्र प्रसाद यादवज्यूलाई "नेपालका भाषाहरूको पहिचान, संरक्षण र अध्ययन-अनुसन्धान क्षेत्रमा निरन्तर समर्पित भई प्राज्ञिक योगदान गर्नुभएकोमा"।

## मदन पुरस्कार गुठीको स्वर्णवर्षमा सम्मानित व्यक्तित्व र संस्थाहरू

१. श्री आर.डी. 'प्रभास' चटौत
२. श्री घटराज भट्टराई
३. श्री चूडामणि रेग्मी
४. श्री दिलबहादुर नेवार (शिलाङ)
५. श्री भरतराज पन्त
६. श्री मणिराज उपाध्याय
७. श्री रमेश खकुरेल
८. श्रीमती राधिका राया
९. श्री श्यामदास वैष्णव
१०. श्री वसन्तकुमार शर्म्मा नेपाल
११. म्युजिक नेपाल
१२. रत्न पुस्तक भण्डार

## मदन पुरस्कार/जगदम्बा-श्रीविद्वद् प्रवचनका लागि आमन्त्रित विद्वान्/विदुषीहरू

२०२९ सिद्धिचरण श्रेष्ठ
२०३० सूर्यबहादुर शाक्य
२०३१ मदन पुरस्कार समारोह भएन।
२०३२ नयनबहादुर खत्री
२०३३ मदन पुरस्कार समारोह भएन।
२०३४ जगतमोहन अधिकारी
२०३५ लैनसिंह वाङ्देल
२०३६ कृष्णवम मल्ल
२०३७ रणधीर सुब्बा
२०३८ केदारमान व्यथीत
२०३९ भूपालमान सिंह
२०४० द्रोणशमशेर ज.ब.रा.
२०४१ मोहनमान सैंजु
२०४२ माधव घिमिरे
२०४३ राजेश्वर देवकोटा
२०४४ अम्बिकाप्रसाद अधिकारी
२०४५ छविलाल गजुरेल
२०४६ बैरागी काइँला
२०४७ केदारभक्त माथेमा/ ऋषिकेश शाह
२०४८ अम्बिकाप्रसाद अधिकारी
२०४९ यदुनाथ खनाल
२०५० सुरेशराज शर्मा

२०५१ ईश्वर बराल
२०५२ मदनमणि दीक्षित
२०५३ राजेश्वर देवकोटा
२०५४ माधव घिमिरे
२०५५ माधवराज गौतम
२०५६ केशरीराज पाण्डे
२०५७ लैनसिंह बाङ्देल
२०५८ वासुदेव त्रिपाठी
२०५९ माधव भट्टराई
२०६० कमलप्रकाश मल्ल
२०६१ अङ्गुरबाबा जोशी
२०६२ बालकृष्ण पोखरेल
२०६३ टङ्क सुब्बा
२०६४ सत्यमोहन जोशी
२०६५ निलाम्बर आचार्य
२०६६ बिहारीकृष्ण श्रेष्ठ
२०६७ रामप्रसाद श्रेष्ठ
२०६८ चैतन्य मिश्र
२०६९ उपेन्द्रमान मल्ल
२०७० नाङ्वाङ् छेम्पो शेर्पा
२०७१ लिलामणि पौडेल
२०७२ प्रकाश सायमी
२०७३ सुदर्शनराज तिवारी
२०७४ तीर्थबहादुर श्रेष्ठ
२०७५ रिता थापा

२०७६ शेखर पाठक/ गणेश रसिक/ तीर्थ श्रेष्ठ[1]

२०७७ गौतमवज्र वज्राचार्य

२०७८ सुरेशराज शर्मा

२०७९ योगेश राज

२०८० कटक मल्ल

[सामान्यत: उल्लिखित मितिको ठीक एक वर्ष पछि हुने मदन पुरस्कार समारोहमा विद्वद् प्रवचन दिने प्रचलन छ तर कुनै प्रवचन केही वर्ष पछाडि भएको वा फरक-फरक व्यक्तित्वले एकै वर्ष प्रवचन दिएको उदाहरण पनि छ। विस्तृत विवरणका लागि *मदन पुरस्कार: प्रवचनहरू* २०६२ हेर्नुहोस्।]

[1] २०७७।०७।०२ गते अनलाइन मार्फत र फागुन १ गते पोखरा तथा सिलगढीमा प्रत्यक्ष सम्मान समारोह भएको हो।

**मदन पुरस्कार गुठीबाट मनोनीत भई सम्माननीया जगदम्बाका सिटमा कलकत्ताका मेडिकल कलेजहरूमा अध्ययन गर्न जाने विद्यार्थीहरू:**

| साल | मेडिकल कलेज | आर.जी.कार.मेडिकल कलेज |
|---|---|---|
| १९५६–५७ | एम.एल लोढा, जोधपुर | + + |
| १९५७–५८ | तडित्कान्ति च्याटर्जी, कलकत्ता | शिशिरकुमार शाह, कलकत्ता |
| १९५८–५९ | नवीनचन्द्र शर्मा, कलकत्ता | नरेन्द्रकुमार शर्मा, बनारस |
| १९५९–६० | सुन्दरमणि आ.दी., ललितपुर | कुमारी पुण्यवती शर्मा, खरसाङ |
| १९६०–६१ | रामनिवास राठी, विराटनगर | गोपालबहादुर श्रेष्ठ, वीरगन्ज |
| १९६१–६२ | केशरसिंह मल्ल, काठमाडौँ | गोपालदास जोशी, काठमाडौँ |
| १९६२–६३ | प्रदीप शमशेर राणा, काठमाडौँ | राजेन्द्रनाथ परूया, कलकत्ता |
| १९६३–६४ | लक्ष्मीलता तुलाधर, काठमाडौँ | चित्रलाल भट्टचन, बागलुङ्ग |
| १९६४–६५ | जयाप्रसाद बराल, झापा | अनवर अहमद खाँ, तौलिहवा |
| १९६५–६६ | शेखरबाबु रिजाल, कैलाली | कुमारी कस्तुरी श्रेष्ठ, ललितपुर |
| १९६६–६७ | हेमन्तशमशेर राणा, काठमाडौँ | जनककेशर प्रसाईं, इलाम |
| १९६७–६८ | लुइसा राजपुत, ललितपुर | श्यामबहादुर कर्माचार्य, काठमाडौँ |
| १९६८–६९ | विजयकुमार शर्मा, तौलिहवा | जोन शर्मा (बर्मा), कलकत्ता |
| १९६९–७० | अरूणकुमार रौनियार, काठमाडौँ | अशोकशमशेर ज.ब.रा., काठमाडौँ |
| १९७०–७१ | केशवराज शर्मा, नेपालगन्ज | माधवप्रसाद खनाल, नेपालगन्ज |
| १९७१–७२ | शैलेशकुमार उपाध्याय, विराटनगर | प्रकाशनारायण मल्लिक, जलेश्वर |
| १९७२–७३ | पीयूषराज पाण्डे, काठमाडौँ | + + |
| १९७३–७४ | धनराज अर्याल, काठमाडौँ | राजेनसुन्दर श्रेष्ठ, ललितपुर |
| १९७४–७५ | ध्रुवनाथ त्रिपाठी, वीरगन्ज | शरदकुमार शर्मा, कपिलवस्तु |
| १९७५–७६ | अमरकुमार देउजा, काठमाडौँ | मदन कोइराला, विराटनगर |
| १९७६–७७ | अनिलबहादुर श्रेष्ठ, विराटनगर | कुमारी पवित्रासिंह ढुङ्गाना, चितवन |
| १९७७–७८ | मधु दीक्षित, काठमाडौँ | सुरेशकुमार काफ्ले, सुनसरी |
| १९७८–८९ | अञ्जु श्रेष्ठ, ललितपुर | देवेन्द्रनाथ दास, सर्लाही |
| १९८९–८० | विद्यादेव शर्मा, ललितपुर | सुमनशमशेर ज.ब. राणा, वीरगन्ज |


| | | |
|---|---|---|
| १९८०–८१ | सङ्गीता अधिकारी, काठमाडौँ | तुहीनकान्ति भट्टाचार्य, धनुषा |
| १९८१–८२ | दीना रायमाझी, काठमाडौँ | भार्गवमणि दीक्षित, काठमाडौँ |
| १९८२–८३ | विनोद राजभण्डारी, काठमाडौँ | श्रीकृष्ण भट्ट, बैतडी |
| १९८३–८४ | स्वयम्भूमान तुलाधर, काठमाडौँ | चन्द्रमोहन यादव, धनुषा |
| १९८४–८५ | विद्या पराजुली, म्याग्दी | दीपकबाबु श्रेष्ठ, गोरखा |
| १९८५–८६ | सञ्जय लाखे, वीरगन्ज | कुमारी ज्योत्स्ना रिमाल, काठमाडौँ |
| १९८६–८७ | अर्पणा रिसाल, ललितपुर | मलख श्रेष्ठ, काठमाडौँ |
| १९८७–८८ | सङ्गीता श्रेष्ठ, काठमाडौँ | जीवनकुमार आत्रेय, बर्दिया |
| १९८८–८९ | अल्पनासिंह, सर्लाही | अजयराज पाण्डे, काठमाडौँ |
| १९८९–९० | कमलराज अर्याल, धादिङ | शरदराज सत्याल, काठमाडौँ |
| १९९०–९१ | डेला जोशी, काठमाडौँ | दिनेश काफ्ले, स्याङ्जा |
| १९९१–९२ | अपर्ना रिजाल, काठमाडौँ | महेश ढकाल, काठमाडौँ |
| १९९२–९३ | मनीषा कार्की, धरान | सुबोधकुमार ढकाल, स्याङ्जा |
| १९९३–९४ | सविना भट्टराई, काठमाडौँ | कुमारी सलोना श्रेष्ठ, काठमाडौँ |
| १९९४–९५ | किरण गजुरेल, काठमाडौँ | विवेक शर्मा, दाङ |
| १९९५–९६ | लुना शर्मा, काठमाडौँ | सुमितराज अधिकारी, काठमाडौँ |
| १९९६–९७ | सजुमा भजु, काठमाडौँ | मनोहर बुढाथोकी, सल्यान |
| १९९७–९८ | विनिता शर्मा, काठमाडौँ | नेत्रप्रसाद दवाडी, काठमाडौँ |
| १९९८–९९ | वीरेन्द्र के.सी., मोरङ | सुनिलकुमार कर्ण, सर्लाही |
| १९९९–२००० | शोभेन्द्र गौतम, काठमाडौँ | अरविन्द देव, सप्तरी |
| २०००–००१ | सुभाष के.सी., पोखरा | दीप लामिछाने, काठमाडौँ |
| २००१–००२ | इरिना खड्का, काठमाडौँ | धर्मागत भट्टराई, मेघौली चितवन |
| २००२–००३ | सुबज भट्टराई, सिन्धुपाल्चोक | भीष्म पोखरेल, काठमाडौँ |
| २००३–००४ | दीपक गौतम, स्याङ्जा | शनीश गुरूङ, पोखरा |
| २००४–००५ | सबीन साहू, भक्तपुर | आर्जन खनाल, कास्की |
| २००५–००६ | पवन शर्मा, पाल्पा | सुरज आले, कास्की |
| २००६–००७ | दिवस मरासिनी, गुल्मी | सन्तोष ढुङ्गाना, पाँचथर |
| २००७–००८ | कुमारी निशा शर्मा, काठमाडौँ | लक्ष्मण ठाकुर, मोरङ |
| २००८–००९ | नारायण अधिकारी, काभ्रे | घनश्याम तिमल्सिना, कास्की |

| | | |
|---|---|---|
| २००९–०१० | विनुदा पौडेल, स्याङ्जा | कपिल दवाडी, काठमाडौँ |
| २०१०–०११ | प्रजिना प्रधान, काठमाडौँ | मोनाली शाह, धनुषा |
| २०११–०१२ | जेनी खरेल, काठमाडौँ | शिशिर थापा, कास्की |
| २०१२–०१३ | शंकर ढुङ्गेल, धनुषा | प्रीति आचार्य, दाङ |
| २०१३–०१४ | निहारिका पन्त, काठमाडौँ | जीत पुन, म्याग्दी |
| २०१४–०१५ | यानी खरेल, काठमाडौँ | ऋतिक देवकोटा, रूपन्देही |
| २०१५–०१६ | सलिना श्रेष्ठ, सिराहा | सन्तोष उपाध्याय, धादिङ |
| २०१६-०१७ | ++ | ++ |
| २०१७-०१८ | सागर आचार्य, सिन्धुली | विजय केसी, रूकुम |
| २०१८-०१९ | सन्ध्या पौडेल, चितवन | रमेश गौतम, तेह्रथुम |
| २०१९-०२० | प्रियंका शर्मा, सप्तरी | शाश्वत ढुंगाना, भक्तपुर |
| २०२०-०२१ | सन्तोष गौतम, पर्वत | रिकेशकुमार मण्डल, सप्तरी |
| २०२१-०२२ | सुशिन तिवारी, कास्की | ऋशभ कुमार झा, धनुषा |
| २०२२-०२३ | मोनी कुमारी मिश्र, धनुषा | अनिल श्रेष्ठ, नुवाकोट |
| २०२३-०२४ | स्वेच्छा मिश्र, धनुषा | सुमित कुमार शर्मा, महोत्तरी |
| २०२४-०२५ | रोश्नी कार्की, मोरङ | समीर खान, नेपालगञ्ज |

## गुठीका सदस्यहरू

१) श्री कुन्दमणि दीक्षित *
२) डा. गोविन्द टण्डन *
३) डा. चूडामणि बन्धु
४) डा. महादेव अवस्थी
५) डा. माधव भट्टराई
६) रथी श्रीधरशमशेर ज.ब.रा. *
७) श्री अमर गुरुङ *
८) श्री कनकमणि दीक्षित *
९) श्री कल्पना पराजुली *
१०) श्री दीपक अर्याल *
११) श्री प्रज्वलराज ज्ञवाली *
१२) श्री भिक्टर प्रधान
१३) श्री सुधा ओझा
१४) श्री सुलोचना मानन्धर *

* गुठी प्रबन्ध-समितिका सदस्यहरू



कमल दीक्षित (१९८६-२०७३)